# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गोलबजार नगरपालिका, सिराहा , गोलबजार नगरपालिका , सिरहा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामनारायण महतो | २०७८-६-११ | |
| कार्यालय प्रमुख | अनन्त कुमार पौड्याल | २०७८-८-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सच्चिदानन्द प्रसाद नन्द | २०७७-१०-२५ | |
| | | **बेरुजु रकम** | ७७,७०८,९६६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २३,७९,३७,३६० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५८,७३,७३,००० | **चालु खर्च** | ६७,३२,७९,८८३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८२,४४,००० | **पूँजीगत खर्च** | ३८,८४,३७,७९० |
| **राजश्व बाँडफाँट** | ११,६५,६८,६७८ | **वित्तीय/अन्य व्यवस्था** | १,२१,७९,४११ |
| **आन्तरिक आय** | ४,८६,१५,६५१.७ | | |
| **अन्य आय** | २१,०८,८०,७८३ | | |
| **कुल आय** | ९८,१६,८२,११२.७ | **कुल खर्च** | १,०७,३८,९७,०८४ |
| **बाँकी मौज्दात** | | १४,५७,२२,३०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीयतहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्वेश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १३ वडा, ७० सभा सदस्य, १११.९४ वर्ग किलोमिटर क्षेत्रफल र ५२१३७ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणका क्रममा असुली**<br>लेखापरीक्षण को क्रममा राजश्वा दाखिला गर्न बाँकी वडानं १० को रु. २८४३९४, वडा नं ४ को रु ३३५७२, वडा ११ बाट रु ३८२, गरी जम्मा रु.३१८३४८ असुली भई आन्तरिक राजस्व खातामा दाखिला भएको छ । | |
| ३ | | | **वित्तीय विवरण**<br>नगरपालिकाले पेश गरेको २०७८।७९ को एकीकृत वित्तिय विवरण निम्नानुसार रहेको छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| आय तर्फ | | | व्यय तर्फ | | |
| **सि.न.** | **विवरण** | **रकम** | **सि.न.** | **विवरण** | **रकम** |
| १ | **गत वर्षकोजिम्मेवारी** | **२३७९३७३६०** | १ | **चालुखर्च** | **४७३४६७७४९** |
| | संचित कोष खाता | २१५०७०००५.२ | | नगरपालिकाचालु | २४६१६९२१२ |
| | धरौटी मौज्दात | २११६३७८१.४ | | संघीय सर्शत चालु | २२७२९८५३६ |
| | विविध खाता | ११५०६०० | २ | **पुँजीगतखर्च** | **३८८४३७७९०** |
| | प्रकोप व्यवस्थापन कोष खाता | ५५२९७३ | | गोलबजार नगरपालिका पुँजिगत | २७१९२८५९५ |
| २ | **आन्तरिक आय** | **४८६१५६५१.७** | | संघिय शसर्त | १११२४१०४७ |
| | आन्तरिक राजस्व | १२७१६०१३.७ | | प्रदेशसरकारबाट हस्तान्तरित | ५२६८१४८ |
| | आन्तरिक राजस्व मालपोत | २१९४०६३७ | ३ | **विषयगतनिकासा रकम** | **१९९८१२१३५** |
| | स्थानीयविभाज्य | १३९५९००० | | सामाजिक सुरक्षा | १९४३१२१३५ |
| ३ | **राजस्व वाडफाड** | **११६५६८६७८** | | राष्ट्रपतिमहिला सशक्तिकरण | ० |
| | राजस्व बाँडफाँड (संघ ) | ११०६७७२०१.८ | | एकीकृतस्वास्थ्य पूर्वाधार | ५५००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | राजस्वबाँडफाँड ( प्रदेश) | ५८९१४७६ | ४ | **धरौटीफिर्ता** | **१०२६९९१४** |
| ४ | **संघीयवित्तीय हस्तान्तरण** | **५८७३७३०००** | ५ | **विविध खाता** | **६५०९९८** |
| | वित्तीय समानिकरण अनुदान | १५५१००००० | ६ | **प्रकोपव्यवस्थापन कोष** | **१२५८५७९** |
| | समपुरकअनुदान | ४१५००००० | ७ | **बाकीमौज्दात** | **१४५७२२३०६** |
| | विशेषअनुदान | १८७००००० | | संचित कोषखाता | ७३२४२०५३ |
| | सशर्त अनुदान | ३७२०७३००० | | पुजीगत खाता | ३४८१०४६४ |
| ५ | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | **१८२४४०००** | | चालु खाता | १९२७६६२० |
| | वित्तीय समानिकरण अनुदान | १०७४४००० | | आन्तरीक राजश्व खाता | ० |
| | विशेषअनुदान | ३०००००० | | राजश्व बाँड फाँड खाता | ० |
| | समपुरकअनुदान | २०००००० | | विविध खर्च खाता | २३५५२६९ |
| | सशर्त अनुदान | २५००००० | | प्रकोप व्यवस्थापन कोष खाता | २९४३९४ |
| ५ | **विषयगतनिकासा रकम** | **१९९८१२१३५** | | धरौटी बाकी | १५७४३५०६ |
| | सामाजिक सुरक्षा | १९४३१२१३४.९ | | | |
| | एकीकृतस्वास्थ्य पूर्वाधार | ५५००००० | | | |
| ६ | **अन्यआम्दानी** | **५२१३६४०** | | | |
| | विविध खर्च खाता | १८५५६६६.६७ | | | |
| | सडक वोर्ड | ३३५७९७३ | | | |
| ७ | **धरौटीप्राप्ती** | **४८४९६३९** | | | |
| ८ | **प्रकोपव्यवस्थापन खाता** | **१००००००** | | | |
| ९ | **चेक साटनबाँकी** | **४३६९** | | | |
| १० | **अन्यआम्दानी** | **१०००** | | | |
| | **जम्मा** | **१२१९६१९४७०** | | **जम्मा** | **१२१९६१९४७०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वितिय विवरण परीक्षण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गते देखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधीलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः<br>क. स्थानिय तहले विभिन्न श्रोतबाट आम्दानी भएको रकम तथा संचितकोषबाट चालु, पुँजिगत लगायत विभिन्न खातामा स्थानान्तरण गरेको रकम बास्तविक आम्दानी र स्थानान्तरण बमोजिमकै सुत्रमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।<br>ख. सुत्रको अनुसूची २४ बैंक तथा नगद बाँकीमा बैंक कारोबारमा भिन्नता राजस्व खाता र सञ्चित कोष खाता भिन्नता रु.(२१,५०,७०,००५.२४) रहेको उल्लेख छ । कार्यालयले सुत्रको आन्तरीक राजश्व खातामा रु. ७७,४१,५९,३०१.५१ आम्दानी जनाएकोमा संचितकोषमा रु.९८,९२,२९,३०६.७५ आम्दानी जनाएको पाइयो । गत बर्षको मौज्दात रकम २१,५०,७०,००५.२४ आन्तरीक राजश्व खातामा प्रविष्टी नगरी सोझै संचितकोष खातामा आम्दानी जनाएकोले बैंक कारोबारमा भिन्नता देखिएको छ । बास्तविक आम्दानी र खर्च बमोजिमकै सुत्रमा प्रविष्टी गर्नुपर्दछ । तसर्थ सुत्र अनुसार बैङ्क तथा नगद बाँकी विवरणले नगरपालिकाको आर्थिक अवस्थाको यर्थाथ चित्रण गर्दैन ।<br>ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा पूर्ण रुपमा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको यस नगरपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार वर्षको अन्त्यमा रु. २४१२५९२९३.६५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा सुत्रमा रु.२,११,६३,७८१.४१ जिम्मेवारी सारेको तथा एकीकृत आर्थिक विवरणमा रु.२३७९३७३६० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३३,२१,९३३.६ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ३,३२१,९३४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>बैंक हिसाब मिलान<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण आर्थिक वर्षको अन्त्यमा निम्नानुसार रु. ५४६७४४२ फरक पर्न गएको छ । बैंक हिसाब मिलान विवरण तयार गरी फरक हिसाव यकिन गनुपर्दछ ।
<table>
<tr><th rowspan="2"></th><th rowspan="2">खाताको नाम</th><th rowspan="2">श्रेष्ता अनुसार बाँकी</th><th colspan="2">बैंक स्टेटमेन्ट अनुसार बाँकी</th><th rowspan="2">फरक</th></tr>
<tr><th>(श्रावण ८)</th><th>(असार ३२)</th></tr>
<tr><td>१</td><td>संचित कोष खाता</td><td>७,२९,४२,०५२.७५</td><td>७३२४२०५२.७५</td><td>६३०९४७६८.२२</td><td>(९८४७२८४।५३)</td></tr>
<tr><td>२</td><td>पुजीगत खाता</td><td>३,४८,०९,४६३.६९</td><td>३४८१०४६३.६९</td><td>३७९७२२०१.६९</td><td>३१६२७३८।००</td></tr>
<tr><td>३</td><td>चालु खाता</td><td>१,९५,७२,२५१.३६</td><td>१९२७६६२०.३६</td><td>३१७२४२४०.३६</td><td>१२१५१९८९।००</td></tr>
<tr><td>४</td><td>विविध खर्च खाता</td><td>२३,५५,२६८.६७</td><td>२५५४२६८.६७</td><td>२३५५२६८.६७</td><td>०।००</td></tr>
<tr><td>५</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>२,९४,३९४</td><td>२,९४,३९४</td><td>२,९४,३९४</td><td>०।००</td></tr>
<tr><td>६</td><td>धरौटी खाता</td><td>१,५७,४३,५०६.०५</td><td>१,५७,४३,५०६.०५</td><td>१,५७,४३,५०६.०५</td><td>०।००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>५४६७४४२</td></tr>
</table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>संचितकोषमा स्थानान्तरण<br>एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक बर्षको अन्तमा स्थानीय तहको संचितकोषमा स्थानान्तरण गर्नुपर्नेमा आर्थिक बर्ष समाप्त पश्चात पनि चालु खर्च खातामा रु. १९२७६६२०.३, पुँजिगतमा रु. ३४८१०४६३.६९, गरी रु. ५४०८७०८३.९ मौज्दात रहेकोमा मिति २०७९।४।३० मा संचितकोषमा स्थानान्तरण गरेको पाइयो । तोकिएको समयमा सो रकम संचितकोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनु भन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले खर्च नभइ बाँकी निम्नानुसरको रु.९,४१,२५,३७६.२३ मिति २०७९।६।९ मा संघिय र प्रदेश संचित कोष दाखिला गरेको छ। नियमावलीले तोकेको समयमा रकम फिर्ता गर्नुपर्दछ। | |

| **शिर्षक** | **संघीय श्रोतको रु** | **प्रदेश श्रोतको रु** | **रकम** |
|---|---|---|---|
| शसर्त अनुदान चालु | २,४४,३९,०३९.५४ | ० | २,४४,३९,०३९.५४ |
| शसर्त अनुदान पुँजीगत | १,४४,०७,२६३.६९ | १,६७,५२९ | १,४५,७४,७९२.६९ |
| विषेश अनुदान पुँजीगत | १,३३,८७,११३ | ६४,३२३ | १,३४,५१,४३६ |
| समपुरक अनुदान चालु | ० | १,६०,१०८ | १,६०,१०८ |
| समपुरक अनुदान पुँजिगत | ४,१५,००,००० | ० | ४,१५,००,००० |
| जम्मा | ९,३७,३३,४१६.२३ | ३,९१,९६० | ९,४१,२५,३७६.२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **आन्तरीक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यसवर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाईयो ।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । साथै कतिपय गोश्वारा भौचरमा कार्यालय प्रमुख तथा लेखा प्रमुखको हस्ताक्षर बेगर भुक्तानी भएको पाइयो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नगरपालिकाले सो व्यवस्था बमोजिम नियमावली वनाएको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तवीक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• कार्यक्रमहरु संचालन गर्दा खरिद गरिएको खर्च भएर नजाने सामानहरु कार्यक्रम पश्चात जिन्सी दाखिला गरी पुन प्रयोगमा ल्याई तालिम कार्यक्रम संचालन गर्नुपर्नेमा प्रत्येक तालिममा पटक पटक खरिद गर्ने गरेको ।<br>• नगरपालिकाले कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिकामा समाहित भएका साविकका नगर विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ नगरपालिकाले आन्तरीक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा शाखा गठन गरेको छैन । कार्यालयले अन्तर सरकारी अख्तीयारी तर्फको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ । लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयको जोड जम्मालाई नै आधार मानिएको छ । वित्तिय समानिकरण, शसर्त, राजश्व वाँडफाँड लगायत सबै कारोवारको त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन समेत अन्तरीक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ । | |
| ११ | | | **आर्थिक कारोबारको लेखाङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नुपर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प.फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । नगरपालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी चेकको बिबरण-२२०, प्राप्त रकमको मास्केवारी-२२२, सन्तुलन परिक्षण-२२५, बजेट रकमान्तर, कार्यक्रम संसोधनको बिबरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, सवारी साधन र मेशिन प्रयोगको लगबुक-९०५, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>
क्षेत्रगत बजेट तथा खर्च<br>
नीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>बिनियोजन</th><th>खर्च रकम</th><th>विनियोजनको तुलनामा खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४,३८,९०,२९६</td><td>३,०५,८१,७१३</td><td>६९.६८</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२३,३९,५१,२६३</td><td>२०,३०,६२,५५२.९६</td><td>८६.८</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>४४,८४,३२,५८१</td><td>३३,१२,४७,६८७.३१</td><td>७३.८७</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>३२,२४,०२,३८९.०४</td><td>२९,७०,१३,५८५.६८</td><td>९२.१३</td></tr>
<tr><td>कुल जम्मा</td><td>१,०४,८६,७६,५२९.०४</td><td>८६,१९,०५,५३८.९५</td><td>८२.१८</td></tr>
</table>
आर्थिक विकासको क्षेत्रमा विनियोजनको तुलनामा ६९.३८ प्रतिशत मात्र खर्च भएको देखिन्छ । लक्ष्य अुनसार खर्च गरी आर्थिक विकास गर्न कार्यालयले ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयन<br>
स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभावाट स्वीकृत वार्षिक योजना २०७८।७९ अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका आयोजना छनौट गरेको पाइयो । नगरपालिकाले यस वर्ष सन्चालन गरेका योजना देहाय अनुसार छनः
<table>
<tr><th>रु.२ लाख सम्मका</th><th>रु.२ लाख देखि ५ लाख सम्मका</th><th>रु.५ लाख देखि १० लाख सम्मका</th><th>रु.१० लाख भन्दा वढीका</th><th>जम्मा</th></tr>
<tr><td>१०९</td><td>११०</td><td>६८</td><td>१०५</td><td>३९२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार नगरपालिकाले साना र वितरणमूखी योजनाहरु सन्चालन गर्दा सञ्चालित योजनावाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा वढी खर्च भै लागत प्रभावित हुने र निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने हुनाले नगरपालिकाले योजना छनौट तथा कार्यान्वयन गर्दा दिगो तथा स्थायीत्व हुने योजना छनौट गरी कार्यान्वयन गर्न ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ । | |
| १५ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(३) मा जिन्सी मालसामान तथा तत्सम्बन्धि स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने व्यवस्था छ । नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तिमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । साथै नियम १०० मा गत आर्थिक बर्षको मौज्दात, चालू आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको कुल सम्पत्ति तथा जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता माहालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा(PAMS)मा प्रविष्ट गर्ने र चालु बर्ष देखि अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र भएको छ । कार्यालयले गत विगत बर्षको मौज्दात रहेका र यस बर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पूर्ण रुपले गरेको पाइएन । यस नगरपालिका अन्तर्गतका साविक नगर विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा समेत अभिलेख अद्यावधिक गरेको छैन । कार्यालयले यो बर्षको जिन्सी निरीक्षण गरेको छैन । नगरपालिका तथा वडा कार्यालयमा रहेको जिन्सी सामानको अवस्था समेत निरीक्षण गरी Public Asset Management System (PAMS) मा प्रविष्टी गरी जिन्सी मौज्दातको विवरण तयार गरी जिन्सी निरक्षण गरी सोको प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १६ | | | **अनुगमन**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ मा नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट संचलित कार्यक्रम मध्ये आर्थिक कार्यक्रम मात्र उप प्रमुखवाट अनुगमन भएको बाँकी अन्य कार्यक्रमको अनुगमन बेगरनै भुक्तानी गरेको छ ।अनुगमन बेगर कामको गुणस्तर कार्य सम्पादन लागयतका विषयमा जानकारी नहुने हुदा सम्वन्धित वडाको सिफारिश र अनुगमन समितिको प्रतवेदन संलग्न गरेर मात्र भुक्तानी गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म बनाएका ऐन, नियमावली, कार्यविधि लगायतका विवरण पेश गरेको छैन । | |
| १८ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । गतबर्ष फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी संख्या ४८ रहेकोमा यो बर्ष परेका १०७ उजुरी समेत १५५ उजुरी मध्ये यो बर्ष ४८ गोटा फछ्र्योट भई आगामी बर्षको लागि १०७ गोटा जिम्मेवारी सरेका विवरण नगरपालिकाले उपलब्ध गराएको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १९ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले यस वर्ष उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट रु.८,७६,७०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २० | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष र उप प्रमुख श्री रेशम कुमारी थापा ले मिति २०७८।३।१० गते रु.१ अर्ब ४ करोड ८६ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>अबण्डा बजेट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । साथै प्रथम नगरसभाबाट नगर प्रमुख/उप-प्रमुख/का.पा. सदस्य निर्देशित कोष मा १ करोड ८८ लाख र ९ वडामा ७ लाखको दरले ६३ लाखको वडा अध्यक्ष निर्देशित कोष गरी २ करोड ५१ लाख अवण्डा बजेट राखी कार्यपालिकाको निर्णयबाट विभिन्न योजना बनाइ तथा रकमान्तर गरी रु.२,४४,४०,००० खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>त्रैमासिक पुँजिगत खर्च<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७को नियम ३५ मा स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम त्रैमासिकमा १६.५ प्रतिशत, दोश्रो त्रैमासिकमा ३१.१ प्रतिशत र तेश्रो त्रैमासिकमा १७.९ प्रतिशत र अन्तिम त्रैमासिकमा ३४.३६ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको २२.६ प्रतिशत खर्च गरेको छ । वर्षको अन्त्यमा आएर बढी खर्च गरेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा अधिक खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।<br>
<table>
<tr><th rowspan="2">कुल पूजीगत खर्च</th><th colspan="4">त्रैमासिक खर्च</th><th rowspan="2">अषाढको खर्च</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तेस्रो</th><th>चौथो</th></tr>
<tr><td>३८,८४,३७,७९०.३१</td><td>६,४२,३५,६२०</td><td>१२१०६२३१५</td><td>६९६५७७९७.३</td><td>१३३४८२०५८</td><td>८,७९,३६,३३२</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो सुनिश्चित हुनेगरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस दफा बमोजिम तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । दफा ८५(६) मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने उल्लेख छ । साथै ८५(८) यस दफा अन्यत्र जुनसुकै कुरा उल्लेख भए पनि स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसीयन, चौकीदार, मालि, बगैंचा र सरसफाइ पदमा स्थायी पदपुर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनुपर्ने तथा सो बाहेक अन्य पद तथा सेवामा करार बाट पदपुर्ति गर्न नपाउने उल्लेख छ । नगरपालिकाले यस वर्ष कर्मचारी व्यवस्थापनमा गरेको खर्चसम्बन्धी व्यहोरा निम्नानुसार छः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१ | | | नगरसभाको निर्णय नम्बर ७ मा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त दरबन्दी स्वीकृत गरी सोही दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरेको पाइयो । उक्त दरबन्दीमा कार्यालयतर्फ ३२ जना र वडा तर्फ २६ जना गरी ५८ जनाको दरबन्दी रहेकोमा कार्यालयमा ३६ जना पदपुर्ति भएको छ । सोमध्ये प्रमुख प्रशासकिय अधिकृत, सीडीई, अधिकृत-प्रशासन, आन्तरिक लेखा परिक्षक जस्ता महत्वपूर्ण पदहरु रिक्त रहेको छ । दरबन्दी बमोजिमको पदपुर्ति गर्नुपर्दछ । | |
| २३.२ | | | नगरसभाको निर्णय नम्बर १२ मा नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूको लागि २६ वटा पदमा ११२ वटा अस्थायी आन्तरिक दरबन्दी कायम गरी १०३ जनालाई करारमा राखी पारिश्रमिक भुक्तानी गरेको छ । ऐनमा भएको व्यवस्था बमोजिम अस्थायी दरबन्दी सृजना गर्न नमिल्ने मा सो गरेको पाइयो । ऐनको दफा ८५(८) बमोजिम नगर प्रहरी लगायतको सात वटा पदमा मात्र सेवा काररमा लिनुपर्नेमा निम्नानुसारको पदमा अस्थायी आन्तरिक दरबन्दी कायम गरी पदपुर्ती गरेकोमा रु.२८२६३२० थप व्यवभार परेको छ । अस्थायी दरबान्दी राखी खर्च गरेको नियमसंगत नदेखिएको रु. | ८,८२६,३२० |

| पद | अस्थाइ दरबन्दी | कार्यरत | मासिक पारीश्रमी | बार्षिक |
|---|---|---|---|---|
| स. कम्पयूटर अपरेटर | १४ | १० | २८६१० | ३७१९३०० |
| खेलकुद प्रशिक्षक | १ | १ | २८६१० | ३७१९३० |
| अमिन | १ | १ | २८६१० | ३७१९३० |
| सामाजिक परिचलक | ९ | ९ | २८६१० | ३२४७३७० |
| सुपरभाइजर | २ | २ | २८६१० | ७४३८६० |
| ल्याब टेक्नीसियन | १ | १ | २८६१० | ३७१९३० |
| | | | जम्मा | २८२६३२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.३ | | | कार्यालयले करार सेवा शुल्क बाट रु. ३,२८,१५,९६७ खर्च लेखेकोमा करार सम्झौता सम्बन्धि फाइल माग गर्दा उपलब्ध हुन सकेन । करार कर्मचारी बाहेक विभिन्न भौचरबाट ज्यालादारीमा समेत पारिश्रमीक भुक्तानी गरेको छ । कार्यालयले करार पारिश्रमीकमा मात्र आन्तरीक आयको तुलनामा ६८.१ प्रतिशत खर्च गरेको छ । करार सेवा शुल्क खर्चमा नियन्त्रण हुनुपर्दछ। | |
| २४ | | | **ईन्धन खर्च**<br>महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत फारम नम्बर ९०५ मा इन्धन खपतको लगबुक राख्नुपर्ने व्यवस्था छ \| नगरपालिकाले यो वर्ष इन्धन कार्यालय प्रयोजन बाट रु.४५,००,००० इन्धन-अन्य प्रयोजनमा रु. ६१,१६४ र इन्धन पदाधिकारी बाट रु.१९,५०,००० गरी रु.६५११९६४ खर्च गरेको छ । सवारी लगबुकको प्रयोगले सवारी प्रयोग कर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययीता कायम हुन्छ \| नगरपालिकाले इन्धन भुक्तानी गर्दा विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा सो नराखेकोले कसलाई के प्रयोजनमा इन्धन दिएको हो खुल्न सकेन \| सवारी लगबुक सहित इन्धन खर्चको प्रमाण पेश हुनुपर्दछ । यसका केही उदाहरण निम्नानुसार छनः<br><br>भौचर।मिति \| भुक्तानी पाउने \| रकम<br>७२-६।२३ \| गोपाल खरिद विक्रि केन्द्र \| ८०८२३९<br>३५८-१२।२१ \| गोपाल खरिद विक्रि केन्द्र \| ५०५९२६<br>४८०-३।७ \| गोपाल खरिद विक्रि केन्द्र \| ४८९९६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखियो । पेश भएको विवरण अनुसार पेश्की बाँकी रु.५६३९६०० मध्ये निम्नानुसारको म्याद नाघेको रु. १,३९,६०० फछ्र्यौट गर्न वांकी रहेकोमा पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु. | १३९,६०० |

| क्र सं | पेश्की विवरण | नाम | रकम |
|---|---|---|---|
| १ | शिक्षा-शिसु विकास कार्यक्रम (म्याद बाँकी रहेको) | सुवोध कुमार लामा | १,३९,६०० |
| २ | १५ सैया अस्पतालन निर्माण मोबिलाइजेशन पेश्की ( म्याद बाँकी रहेको) | रबिना ॐ गणेश जेभी | ५५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **आन्तरिक आय**<br>नगरपालिकाले पेश गरेको वित्तिय विवरण अनुसार नगरपालिकाले यो वर्ष घर बहाल कर सिफारीस दस्तुर नदिको ढुङ्गा गिट्टी बालुवा बिक्री लगायतबाट रु ४८६१५६५१ आम्दानी देखाएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.१ | | | ढुङ्गा,गिट्टी, बालुवा उत्खनन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा १२ मा ठूला रुपान्तरणकारी राष्ट्रिय महत्वका प्राथमिकता प्राप्त आयोजनाको लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार,प्रदेश सरकार,स्थानीय तह र विकास साझेदारवाट संचालित त्यस्त आयोजनाहरुलाइ आवस्यक पर्ने ढुङ्गा,गिट्टी, बालुवाको बातावरणीय अध्ययन प्रतिबेदनको पालना हुने गरी सम्वन्धित गाउँपालिका र नगरपालिकाले नियमानुसारको शुल्क दस्तुर लिइ आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानवाट निर्माण सामाग्री संकलनको व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।सो बमोजिम सिराहा जिल्लाको मिर्चैया नगरापालिका र यस नगरपालिकाको सिमानामा रहेको घुर्मी खोलावाट पूर्व पश्चिम राजमार्ग अन्तर्गत कमला कन्चनपुर सडक खण्ड निर्माणको लागि ८५००० घनमिटर ढुङ्गा,गिट्टी, बालुवा उठाइ योजनामा प्रयोग गर्न पाउने गरी यस नगरपालिका, मिर्चैया नगरपालिका र निर्माण व्यवसायी चाइना रेल्वे नं २ इन्जिनियरिङ ग्रुप विच २०७८।६।१ मा त्रिपक्षीय सम्झौता भएको देखिन्छ । सम्झौतामा प्राप्त हुनुपर्ने कुल रकमको सम्झौताका बखत ४० प्रतिशत,चैत्र मसान्तमा ४० प्रतिशत र बैशाख मसान्तमा २० प्रतिशत बुझाउने उल्लेख छ ।सम्झौता अनुसार २०७८।६।१ देखि २०७९।२।३० सम्ममा उक्त परिमाण संकलन गरी प्रति घनमिटर रु १४१ का दरले हुन आउने रकम दुइ नगरपालिकाको प्रत्येक बर्ष आलोपालो गरी रकम लिने समझदारी अनुसार यो बर्ष यस नगरपालिकाले ८५००० घनमिटरको प्रतिघनमिटर रु १४१ का दरले रु ११९८५००० र सो मा लाग्ने मूल्यअभिबृद्धि कर समेत रु १३५४३०५०प्राप्त गर्नुपर्नेमा हालसम्म रु ४७९४००० मात्र प्राप्त गरेकोले नपुग मूल्यअभिबृद्धि कर समेत रु ८७४९०५० रकम निजवाट असुल गरी मूल्यअभिबृद्धि कर रकम रु २५५८०५० राजस्व दाखिला गर्नुपर्ने समेत रु | ८,७४९,०५० |
| २६.२ | | | सोही नियमावली अनुसार नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत गागन खोलाको ६५००० घनमिटर प्रतिघनमिटर रु १४१ ले उठाउने गरी सोही निर्माण व्यवसायीसंग सम्झौतागरेकोमा निजले सो वापत हुने रु ९१६५००० र सो मा लाग्ने मूल्य अभिबृद्धि कर समेत दाखिला गरेको छ । | |
| २६.३ | | | कार्यविधी अनुसार माथि उल्लेखित दुवै नदीको उत्खनन गर्ने क्षेत्र तोकी सम्झौता गर्नुपर्नेमा उत्खनन गर्ने क्षेत्र नतोकी सम्झौता गरेको नियमसंगत देखिएन । | |
| २६.४ | | | उक्त दुवै खोलावाट निर्माण व्यवसायीले तोकेको परिमाण भन्दा बढि परिमाणमा नदीजन्य पदार्थ संकलन गरे नगरेको कार्यालयले अनुगमन गरी यकिन गरेको छैन ।यसले गर्दा निर्माण व्यवसायीले सम्झौतामा तोकीएको परिमाण भन्दा बढि परिमाणमा नदी जन्य पदार्थको दोहन गरेको छैन भनी यकिन सकीएन ।यस सम्वन्धमा नगरपालिकालेनै थप छानविन र अनुगमन गरी यकिन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.५ | | | **पशुहाट बजार**<br>नगरपालिकाले ठेक्का लगाएका पशुहाट बजार वापत गत आ.ब.को बक्यौता रु २५०००००० मा रु ५८०००० मात्र असुल गरी दाखिला गरिएकोले गत वर्षको बाँकि समेत असुल गर्नुपर्दछ। आ.ब. २०७८/०७९ मा देहायका ठेक्का सम्झौता अनुसार असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु | १३,३११,४३१.१ |

| ठेकेदारको नाम | हाटबजार | ठेक्का वापतको रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| बिरेन्द्र कुमार यादव | पशु बजार | ७६४६६४० | ७६४६६४० |
| | बाख्रा बजार | २८८७६९१.२५ | २८८७६९१.२५ |
| | गुदरी बजार | २७७७०९९.८५ | २७७७०९९.८५ |
| जम्मा | | | १३३११४३१.१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.६ | | | **पोखरी ठेक्का**<br>नगरपालिका अन्तर्गत रहेका ३० वटा पोखरी ठेक्का लगाएकोमा देहायका १७ वटा ३ वर्षे ठेक्का वापत आ.ब. २०७८।७९ सम्मको को रु ११६५१०० असुल गर्न बाँकी देखिदा सम्झौता अनुसार असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु | १,१६५,१०० |

| ठेकेदारको नाम | पोखरीको नाम र ठेगाना | कबोल अंक | हाल सम्म बुझाएको रकम | आ.ब. ०७७।७८ सम्मको बक्यौता | आ.ब. ०७८।७९ मा असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| सुशिलकुमार पासमान | बेतौना-७, गोलबजार-१२ | ५०५०५१ | १६८५०० | १६८५०० | १६८००० |
| | बेतौना-८, गोलबजार-१२ | ३६५००० | १२१७०० | १२१७०० | १२१६०० |
| | इश्रीवालापोखरी गो.न.पा.१२ | १३०००० | ४३५०० | ४३५०० | ४३००० |
| | बेतौना ४ग नंगुवा | १६५००० | ५५००० | ५५००० | ५५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पोखरीगो.न.पा.३ | | | | | |
| | | | सुनिलकुमार पुर्वे | भर्तिवालापोखरी गो.न.पा.१ | १९००० | ६३५० | ६३५० | ६३०० | |
| | | | | कसहाखोला गो.न.पा.१ | १९००० | ६३५० | ६३५० | ६३०० | |
| | | | | राम भरसपोखरी गो.न.पा.१ | १३५०० | ४५०० | ४५०० | ४५०० | |
| | | | | खजनपुरियापोखरी गो.न.पा.१ | २९५०० | ९८५० | ९८५० | ९८०० | |
| | | | | डावरखाता गो.न.पा.१ | ५५०० | २००० | २००० | १५०० | |
| | | | | महारानी पोखरी गो.न.पा.१ | ३०००० | १०००० | १०००० | १०००० | |
| | | | | सिचाँईबाधँ गो.न.पा.१ | २४१००० | ८०५०० | ८०५०० | ८०००० | |
| | | | | वहिरिबाँध गो.न.पा.१ | २०१००० | ६७००० | ६७००० | ६७००० | |
| | | | प्रमोदकुमार महतो | जिमम्दारपोखरी गो.न.पा.१३ | ३५०००० | ११७००० | ११७००० | ११६००० | |
| | | | श्रीदेव यादव | भाईजीटोल पोखरी गो.न.पा.८ | ७३००० | २४५०० | २४५०० | २४००० | |
| | | | | डण्डापोखरी गो.न.पा.९ | ७०६००० | २३५५०० | २३५५०० | २३५००० | |
| | | | | गिट्टीवालापोखरी गो.न.पा.८ | ४२६००० | १४२००० | १४२००० | १४२००० | |
| | | | प्रकाश चन्द्र सिंह | दुर्गापुर फट्टीवाला गो.न.पा.१३ | १५०३०० | २२४९०० | ० | ७५१०० | |
| | | | जम्मा | | | | | ११६५१०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.७ | | | **सवारी साधन भाडा**<br>नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक २०७८ को अनुसुची ३ मा कार्यालयमा रहेको ६ वटा ठूलो सवारी साधनको भाडा दर तोकेको छ। लेखापरीक्षणको क्रममा कार्यालयले उक्त सवारी साधनको भाडा वापत यस बर्ष रु ७९४८७५ मात्र असुल भएको देखिन्छ। सो कुन गाडीबाट कति आम्दानी भएको सोको स्पष्ट विवरण तथा लगत पेश गरेको छैन। साथै रोड रोलर, सक्सन मेसिन, ट्रिपर, ट्रयाक्टर, ग्रेडर, जे.सि.बी.को लगबुक माग गर्दा समेत पेश नभएकोले नगरपालिकाले देखाएको असुली यथार्थपरक छ भनी यकिन हुन सकेन ।यस सम्वन्धमा नगरपालिकालेनै थप छानविन गरी यकिन गर्नु पर्दछ। | |

| सवारीको नाम | लगबुक | | | दर प्रति घण्टा | रकम |
|---|---|---|---|---|---|
| | देखि श्रावन १ | सम्म अषाढ ३१ | प्रयोग घण्टा | | |
| जे सी बी लोडर | ४१४४.२ km | ५२४१.३ km | ११९७.११ | ९०० | |
| रोड रोलर | पेश नभएको | पेश नभएको | पेश नभएको | ८००० १सिफ्ट | |
| ग्रेडर | पेश नभएको | पेश नभएको | पेश नभएको | १२५०० १सिफ्ट | |
| सक्सन मेसिन | पेश नभएको | पेश नभएको | पेश नभएको | १५०० ट्रिप | |
| ट्रिपर | पेश नभएको | पेश नभएको | पेश नभएको | ५००० १दिन | |
| ट्रयाक्टर | पेश नभएको | पेश नभएको | पेश नभएको | १५०० ट्रिप | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **बिभाज्य कोष**<br>प्रदेशको आन्तरिक आय व्यवस्थित गर्ने बनेको ऐन २०७५ को दफा १५ तथा मधेश प्रदेशको आर्थिक ऐन २०७८ को दफा ४,५ र ७ मा ढुङ्गा,गिट्टी,बालुवा,दहत्तर बहत्तर शुल्क,बिज्ञापन कर, मनोरन्जन कर लगायतका शुल्क तथा करको संकलनवाट उठेको शुल्क मध्ये साठी प्रतिशत हुने रकम स्थानीय संचितकोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।यस नगरपालिकाको विज्ञापन र मनोरन्जन करको यथार्थ असुलीको अभिलेख नहुदा सो बारेमा यकिन हुन सकिएन ।नगरपालिकाले यो बर्ष ढुङ्गा,गिट्टी,बालुवा बापत रु १३९५९००० असुली भएकोमा सोको चालिस प्रतिशतले हुने रु ५५८३६०० प्रदेश संचितकोष दाखिला गर्नुपर्नेमा संचित कोष दाखिला भएको नदेखिएकोले प्रदेश संचित कोष दाखिला गरेको प्रमाण पेश हनुपर्ने रु | ५,५८३,६०० |
| २८ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष २२१ वटाउपभोक्ता समिति मार्फत काम गराइ रु.२८०१०६१५५.००भुक्तानी भएकोदेखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका नगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-<br>:<br>क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।<br>ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।<br>ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।<br>घ. कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।<br>ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।<br>च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।<br>छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।<br>ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।<br>ञ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ<br>ट. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाइ भविस्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाइ कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारीस गर्नुपर्ने व्यवस्था छ ।तर यस नगरपालिकाले उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितिसंग सम्झौता भएका देहायका योजना निर्माण व्यवसायी मार्फत कार्यान्वयन भएको प्राप्त विल भर्पाई वाट देखिन्छ ।उपभोक्ता समिति मार्फत काम गर्ने गरी विना प्रतिस्पर्धा काम लिने र आफुले जिम्मा लिएको काम निर्माण व्यवसायीवाट गराउन मिल्ने देखिदैन । उपभोक्ता समितिले सम्झौता गरी निर्माण गर्ने जिम्मा लिई निर्माण व्यवसायी मार्फत कार्य गराएको केही उदाहरण निम्नानुसार छन । | |

| गो भौ नं र मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायीको नाम | उपभोक्ता समितिलाइ भुक्तानी रकम | निर्माण व्यवसायीको विल |
|---|---|---|---|---|---|
| नगरपालिका पूजीगत | | | | | |
| १०।२०७८।४।२१ | वडा नं ३ को सडकमा माटो ग्राभेल कार्य | वडा नं ३ को सडकमा माटो ग्राभेल उ स | गुन्जा कन्सट्रक्सन | २३७५६३२ | १८०८००० |
| ५१।२०७८।४।२५ | वडा नं ३ क्षेत्रीय सडक देखि कर्मलालको जग्गा सम्मको सडक | वडा नं ३ क्षेत्रीय सडक देखि कर्मलालको जग्गा सम्मको सडक उस | गुन्जा कन्सट्रक्सन | २३६३७१५ | २२६०००० |
| ५२।२०७८।४।२५ | वडा नं ६ | वडा नं ६ | गुन्जा कन्सट्रक्सन | २३९८४४५ | २३७३००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | खानेपानी ट्याङ्की देखि मुसहरीसम्मको सडक निर्माण | खानेपानी ट्याङ्की देखि मुसहरीसम्मको सडक निर्माण उस | | | |
| ९३।२०७८।८।९ | वडा नं ३ लक्ष्मीरामको घर देखि मैनावती खोलासम्म सडक | वडा नं ३ लक्ष्मीरामको घर देखि मैनावती खोलासम्म सडक उस | गुन्जा कन्सट्रक्सन | २४०५४९४ | २६५५००० |
| ११३। २०७८।८। १९ | वडा नं १ बलडाँडा देखि बैरी बाँधस्म सडक | वडा नं १ बलडाँडा देखि बैरी बाँधस्म सडक उस | गुन्जा कन्सट्रक्सन | २४८५७८२ | २३७१००० |
| ११४। २०७८।८। १९ | वडा नं १ मा अन्धा हुदै गागन खोलासम्म सडक | वडा नं १ मा अन्धा हुदै गागन खोलासम्म सडक उस | गुन्जा कन्सट्रक्सन | २४१६५०० | २३७३००० |
| २०५। २०७८।१०। २० | वडा नं १ भुल्के हुदै चारघरेसम्म सडक | वडा नं १ भुल्के हुदै चारघरेसम्म सडक उस | गुन्जा कन्सट्रक्सन | ३८६२२३४ | ३६१६००० |
| ३०१। २०७८।१२। २८ | वडा नं ३ तेलीयानी हुदै गागन खोलासम्म सडक | वडा नं ३ तेलीयानी हुदै गागन खोलासम्म सडक उस | गुन्जा कन्सट्रक्सन | ४८४०१०४ | ५०८५००० |

ठ. उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धीकर योग्य सामानमा मूल्य अभिवृद्धीकर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धीकर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिइएको मूल्य भन्दा घटी सामान खरिदको विल र सोमा मूल्य अभिवृद्धीकर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धीकर भुक्तानी भएको छ । उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धी कर तिरेकोमा कार्यालयले जिल्ला दरकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा बढी मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धीकर भुक्तानी रकम यकिन गर्न सकिएन । यस सम्बन्धमा नगरपालिकालेनै यकिन गर्नुपर्दछ । यस सम्बन्धी उपभोक्ता समितिले पेश गरेको विलका केही उदाहरण निम्नानुसार छनः

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सामानको विवरण | उपभोक्तालाई मूल्याङ्कन गर्दा दिएको मू.अ.कर | सामान खरिदमा तिरेको मू.अ.कर | फरक |
|---|---|---|---|
| इटा प्रति गोटा | १.९५ | १.४३ | ०.५२ |
| सिमेन्ट प्रति बोरा | ११३.७५ | ८४.५ | २९.२५ |

तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ

२९

**सामुदायिक भवन मन्दिर तथा अन्य सार्वजनिक प्राकृतिका भवन एवं कम्पाउण्डवाल निर्माण**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ बमोजिम नगरपालिकाले नक्सापास गरेर मात्र संरचना निर्माण गर्नुपर्ने व्यवस्था छ ।तर नगरपालिकाले जग्गा सार्वजनिक रहेको प्रमाण संलग्न नहुदै र नक्सापसा वेगरनै सर्वजनिक संरचना निर्माण कार्य गर्ने गरेको छ ।निर्माण गर्ने संरचनाको ड्रईङ डिजाइन स्वीकृत नगरी प्राप्त बजेटको आधारमा लागत अनुमान तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, भुक्तानी गर्ने गरेको छ यसले गर्दा निर्माण आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल गरेको पाइएन । भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन र नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी निर्माणको अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने तर्फ ध्यान दिनुपर्ने देखिन्छ गत विगत बर्ष निर्माण कार्य भइ यो बर्ष समेत बजेट विनियोजन भएका योजनामा विगतमा के कती निर्माण कार्य सम्पन्न भएको हो सोको नापी किताव तथा कार्य मूल्याङ्कन संलग्न नहुदा यो बर्ष दोहोरो भुक्तानी भएको छैन भनी लेखापरीक्षण वाट यकिन गर्न सकिने अवस्था देखिएन तसर्थ अधुरा योजनामा थप संरचना निर्माण गर्दा अनिवार्य रुपमा विगतको नापी किताव र प्रविधिक मूल्याङ्कन समावेश हुनुपर्दछ । निर्माण गरीने भवनको नक्सा पास नगरी जग्गाको स्वामित्व यकिन नगरी नगरपालिकाले अधुरो सामुदायिक भवन निर्माण गरी भुक्तानी गरेका केही उदाहरण निम्मानुसार छन्।

| गो भौ नं र मिति | बिबरण | निर्माण व्यवसायी | रकम |
|---|---|---|---|
| संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम | | | |
| ७७।२०७९।३।२२ | वडा नं ७ मा आत्मज्ञान केन्द्र मर्मत | उपभोक्ता समिति | ४४२४१९ |
| ८३।२०७९।३।२३ | वडा नं १३ मा अधुरो सामुदायिक भवन निर्माण | उपभोक्ता समिति | ३०८७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ९५।२०७९।३।२४ | वडा नं ७ मा सामुदायिक भवन निर्माण | उपभोक्ता समिति | १२१५३३९ | |
| | | | ९६।२०७९।३।२४ | वडा नं १३ मा सामुदायिक भवन निर्माण | उपभोक्ता समिति | १५४०९१८ | |
| | | | नगरपालिका पूजीगत | | | | |
| | | | ४४।२०७८।४।२५ | वडा नं ६ मुसहर वस्तीमा पाहुना घर निर्माण | उपभोक्ता समिति | २८९४६२ | |
| | | | १८९।२०७८।१०।७ | वडा नं ६ मा अधुरो धर्मशाला निर्माण | उपभोक्ता समिति | ६९९०४८ | |
| | | | १९०।२०७८।१०।७ | वडा नं १ मा पाहुना घर निर्माण | उपभोक्ता समिति | १९३६९८ | |
| | | | १९३।२०७८।१०।९ | वडा नं ६ मा अधुरो पाहुना घर निर्माण | उपभोक्ता समिति | २२२२९१ | |
| | | | २०१।२०७८।१०।२० | वडा नं ५ मा पाहुना घर मर्मत | उपभोक्ता समिति | २४२०२० | |
| | | | २१०।२०७८।१०।२३ | वडा नं ९ मा सामुदायिक भवन निर्माण | उपभोक्ता समिति | ५८९३४९ | |
| | | | २०९।२०७८।१०।२३<br>३६२।२०७९।२।२९ | वडा नं ३ मा पन्चु स्मृती भवन निर्माण | उपभोक्ता समिति | ३७२७७३० | |
| | | | २४६।२०७८।११।२५ | वडा नं १ मा अधुरो पाहुना घर निर्माण | उपभोक्ता समिति | ४८४५१० | |
| | | | ३१३।२०७८।१२।२८ | वडा नं १३ मा सामुदायिक भवन निर्माण | उपभोक्ता समिति | ५७६८१६ | |
| | | | ३३७।२०७९।१।२७ | वडा नं ८ मा अधुरो पाहुनाघर निर्माण | उपभोक्ता समिति | ४८४९१७ | |
| | | | ३९०।२०७९।३।१५ | वडा नं १३ मा सामुदायिक भवन निर्माण | उपभोक्ता समिति | ५८२४२६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **जटिलसंरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले जटिल प्रकृतिको निर्माण, ग्रामीण विद्युतीकरण, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् : | |

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३८।४।२२ | कृषि बिधुतीकरण उस | वडा नं ११ कृषि बिधुतीकरण | १७४१४९९ |
| २४४।११।२४ | सडक कालोपत्रे उस | वडा नं ३ सामुदायिक भवन हुदै धोवियाको घरसम्म सडक कालोपत्रे | २८९७२७५ |
| ३६२।२।२९ | दानी पन्चु स्मृति भवन निर्माण उस | वडा नं ३ दानी पन्चु स्मृति भवन निर्माण | ३७२७७३० |
| ४०७।३।२५ | वडा नं ४ सहिदपार्क सडक कालोपत्रे उस | वडा नं ४ सहिदपार्क हुदै आयुर्वेद अस्पताल सम्म सडक कालोपत्रे | ४७५५५४१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **निर्माणाधिन संरचनाको अभिलेख**<br>नगरपालिकाले कुनै संरचना तयार गर्दा ड्रइङ डिजाइन तयार नगर्ने बजेटको आधारमा लागत अनुमान तयार गर्ने सम्झौता बमोजिमको काम सम्पन्न नहुदै कार्य सम्पन्न प्रतिवेदन दिने गरेको छ । यसले गर्दा निर्मण कार्य सम्पन्न गर्न ढिलाइ हुने समयको अन्तरालमा निर्माणको लागत बढ्ने हुनाले निर्माण व्यवसायी वा उपभोक्ता समितिलाइ सम्झौता बमोजिमको कार्य सम्पन्न गराउनु पर्दछ ।साथै एउटै संरचनामा विगतमा भएको कामको मूल्याङ्कन र नापी किताव संलग्न नगरी यो बर्षको कामको सम्झौता गरी भुक्तानी गर्दा एउटैकाममा दोहोरो भुक्तानी भए नभएको लेखापरीक्षणवाट यकिन हुन सकेन । तसर्थ अधुरो संरचनामा पुनः निर्माण गराउदा विगतमा सो योजनमा भएको नापी तथा मूल्याङ्कन संलग्न गर्नुपर्दछ ।यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन। | |

| गो भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायी वा उपभोक्ता समिति | यो बर्षको भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ८३।२०७९।३।२२३ | सामुदायिक भवन निर्माण वडा नं १३ | उपभोक्ता समिति | ३०८७९० | विगतको खर्चका अभिलेख नरहेको | |
| | | | ९५।२०७९।३।२४ | सामुदायिक भवन निर्माण वडा नं ७ | उपभोक्ता समिति | १२१५३३९ | लागत अनुमान रु २२८६५४६ भएकोमा रु १३८१०६७ मात्र को काम हुदैमा कार्य सम्पन्न नहुदै कार्य सम्पन्न प्रतिवेदन दिएको | |
| | | | ९६।२०७९।३।२४ | सामुदायिक भवन निर्माण वडा नं ६ | उपभोक्ता समिति | १२६९७९२ | लागत अनुमान रु २२८५६९२ भएकोमा रु १४४०१७१ मात्र को काम हुदैमा कार्य सम्पन्न नहुदै कार्य सम्पन्न प्रतिवेदन दिएको | |
| | | | ९७।२०७९।३।२४ | सामुदायिक भवन निर्माण वडा नं १३ | उपभोक्ता समिति | १५४०९१८ | लागत अनुमान रु २२८७४५० भएकोमा रु १७४९४३२ मात्र को काम हुदैमा कार्य सम्पन्न नहुदै कार्य सम्पन्न प्रतिवेदन दिएको | |
| | | | ९७।२०७९।३।२४ | सामुदायिक भवन निर्माण वडा नं २ | उपभोक्ता समिति | १०८६८३१ | लागत अनुमान रु २२५८५२१ भएकोमा रु १२१७९१० मात्र को काम हुदैमा कार्य सम्पन्न नहुदै कार्य सम्पन्न प्रतिवेदन दिएको | |
| | | | नगरपालिका पूजीगत | | | | | |
| | | | १३५।२०७८।९।८ | अधुरो पाहुना घर निर्माण वडा नं ५ | उपभोक्ता समिति | २२२१९३ | विगतको खर्चका अभिलेख नरहेको | |
| | | | १८९।२०७८।१०।७ | अधुरो धर्मशाला निर्माण वडा नं ६ | उपभोक्ता समिति | 699048 | विगतको खर्चका अभिलेख नरहेको | |
| | | | २४६।२०७८।११।२४ | अधुरो पाहुनाघर निर्माण | उपभोक्ता समिति | ४८४५१० | विगतको खर्चका अभिलेख नरहेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | ७६ | २०७९-३-२२ | **सुरक्षीत नागरीक आबास कार्यक्रम**<br>नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गतको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम गरिवीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन रहेका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायत सामाग्री खरिदको लागी यो वर्ष यस नगरपालिकाको क्षेत्र भित्र पर्ने ९४ जनालाइ रु २८३४७ का दरले रु २६६४६२० र २०४ जनालाई रु २५३६९ का दरले रु ५१७५२७६ समेत जम्मा रु ७८३९८९६ लाभग्राहीको खातामा पठाइ निजहरुको बैंक खाता रोक्का गरेको छ ।लाभग्राहीले जस्तापाता तथा काठ खरिद गरी निर्माण कार्य गरेको देखिने अनुगमन प्रतिवेदन सहितको कार्य सम्पन्न प्रतिवेदन पेश पेश हुनुपर्ने पर्दछ । | |
| ३३ | | | **मूल्य अभिबृद्धी कर**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सडक निर्माणमा माटो ग्राभेल गर्ने कार्यको लागि डोजरवाट माटो खन्ने कार्य जिल्ला दररेटमा प्रति घनमिटर रु १६५ रहेकोमा उपभोक्ता समिति मार्फत सडक निर्माण गराउदा डोजर प्रयोग हुने स्थानमा उक्त दरमा मूल्य अभिबृद्धि कर समेत थप गरी प्रतिघनमिटर रु १८६.४५ ले मूल्याङ्कन गरी भुक्तानी गरेको छ । स्रेस्तासाथ डोजर प्रयोगको कर विजक संलग्न नभएकोले विजक बेगर भुक्तानी भएको मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु | ३५६,६२५ |

| गो भौ नं र मिति | योजना तथा उपभोक्ता समिति | परिमाण | प्रतिघनमिटर मु अ कर | भुक्तानी मु अ कर |
|---|---|---|---|---|
| ४९।४।२५ | वडा नं ३ मा नयांसडकमा माटो तथा ग्राभेल | १९४ घनमिटर | २१.४५ | ४१८२ |
| ५२।४।२५ | वडा नं ६ खानेपानी ट्याङ्कीदेखि मुसहरीसम्मको सडक | १४२५ घनमिटर | २१.४५ | ३०५६६ |
| १०८।८।१६ | वडा नं ६ मैनावती नदी नियन्त्रण कार्य | ७४६ घनमिटर | २१.४५ | १६००१ |
| १९१।१०।९ | वडा नं ३ जरुवा चारपाने सडक | १०२२३ घनमिटर | २१.४५ | २१९२८३ |
| २०५।१०।२० | वडा नं १ भुल्के हुदै चारघरे सडक | ६४१ घनमिटर | २१.४५ | १३७४९ |
| २१५।१०।२५ | वडा नं ६ मा मैनावती नदी नियन्त्रण | ३३९६ घनमिटर | २१.४५ | ७२८४४ |
| | जम्मा | | | ३५६६२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **नेपाल शहरी शासकिय पूर्वाधार आयोजना**<br>शहरी विकास मन्त्रालय शासकिय तथा पूर्वाधार आयोजना अन्तर्गत यो बर्ष रु ७७१४०९०७ लागत भएका ५२ वटा योजना छनौट भइ ४९ योजनामा रु ६४५६३८६७ भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| ३४.१ | | | उपभोक्ता समिति गठन परिचालन र व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ मा आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा तोक्नुपर्ने व्यवस्था छ । यसरी लागत सहभागिताको अंश तोक्दा माटो तथा ग्राभेल कार्यमा १० प्रतिशत ढलान,पक्की कार्य,कम श्रममूलक कार्य र सामाग्री खरिदमा ५प्रतिशत जनसहभागिताको अंश हुनुपर्ने व्यवस्था छ ।तर कार्यालयले संचालन गरेका ५२ बटै योजना उपभोक्ता मार्फत संचालन भएकोमा उपभोक्ताको लागत सहभागिता सुन्य रहेको छ ।यसले गर्दा उपभोक्ता समिति मार्फत गरीएका निर्माण कार्यमा कार्यविधिको पालना भएको देखिएन ।कार्यविधिको पालना हुनेगरी उपभोक्ता समितिसंग सम्झौता गरी निर्माण कार्य गराउनु पर्दछ । | |
| ३४.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्तासमिति मार्फत कार्य गराउदा उपभोक्ता समितिले खर्च सार्वजनिकीकरण गर्नुपर्ने,सम्पन्न योजना उपभोक्ता समितिले मर्मत संभार गर्ने गरी हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।प्रचलित नियमावलीको पालना हुनेगरी कार्य गराउनु पर्दछ । | |
| ३५ | | | **बढी भुक्तानी**<br>सडक विभागको स्ट्याण्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड व्रिज २०७५ मा एउटै चेनेजमा कटीङ र फिलीङ गर्नुपरेमा कटीङ वापतको रकम नपाउने उल्लेख छ ।कार्यालयले वडा नं ६ मा मैनावती नदी नियन्त्रण कार्यको रकम भौ नं २१५ मिति २०७८।१०।२५ वाट भुक्तानी गर्दा ३३९६ घनमिटर माटो डोजरवाट खनिएको भनी प्रतिघनमिटर रु १८६.४५ ले रु ६३३२९० भुक्तानी भएकोमा सोही स्थानमा ३३९६ घनमिटरनै व्यकफिलीङ गरेको भनी प्रतिघनमिटर रु ३२० ले रु १०८६८०० मूल्याङ्कन गरी भुक्तानी गरेकोले स्पेसिफिकेसन अनुसार कटीङको भुक्तानी दिन नमिल्ने रकम उपभोक्ता समितिवाट असुल गर्नुपर्नेरु | ६३३,२३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **प्राविधिक मूल्यांकन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकिएका शिर्षकको रकम वाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरी भुक्तानी निकासा वन्द गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा वजेट फ्रिज नगराउन देहायका विधालयलाइ निकासा दिइ निजहरुको वैंक खाता रोक्का गरेको पाइयो । लेखापरीक्षण अवधीसम्ममा पनि उक्त रकमवाट निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन ।नगरपालिकाले विद्यालय भवन निर्माण कार्य नहुंदै पेश्की समेत नजनाइ पुरै रकम निकाशा दिनु नियमसम्मत नदेखिएकोले निकासाबाट भएको विद्यालय भवन निर्माणको विल भर्पाइ, प्राविधिक मूल्याङ्कन सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ७,२००,००० |

| गो.भौ.न. मिति | विद्यालयको नाम | कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| **संघिय सरकारवाट हस्तान्तरित कार्यक्रम** | | | |
| ६३।२०७९।३।१५ | जनता मा बि गोलवजार | भवन निर्माण | १८००००० .०० |
| ६३।२०७९।३।१५ | जनता आ बि बलडाँडा | भवन निर्माण | १८००००० .०० |
| ६३।२०७९।३।१५ | श्री आ बि जयनगर धोक्रे | भवन निर्माण | १८००००० .०० |
| ६३।२०७९।३।१५ | अर्जुन आ बि डंगराहा | भवन निर्माण | १८००००० .०० |
| | जम्मा | | ७२००००० .०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>प्रशासकिय भवन निर्माण<br>नगरपालिकाको पाँच तल्ले प्रशासकिय भवन निर्माणको लागि निर्माण व्यवसायी प्रेरा-साह इन्जिनियरीङ जे भीसंग २०७६।५।२९ मा ३६ महिना भित्रसम्पन्न गर्ने गरी १५७६४१६०९ मूल्य अभिबृद्धि कर सहितको सम्झौता भएको थियो ।निर्माण व्यवसायीलाइ २०७८।२।१२ को बिलसम्ममा रु ६७०९७६३३ मु अ कर सहित भुक्तानी भएको छ ।तत्पश्चात निर्माण व्यवसायीलाइ कुनै भुक्तानी भएको देखिएन । निर्माण सम्वन्धी फाईलको अध्ययन गर्दा भवनको स्ल्याव र बिम ढलान M25 को Ratio मा गर्नुपर्ने उल्लेख छ ।निर्माण व्यवसायीले तेश्रो तल्लाको स्ल्याव र विम ढलानको ४१ दिनको नमुना परीक्षण सडक डिभिजन लहानबाट गराउदा M25 को Avrage strength नपुगेको प्रतिबेदन प्राप्त भएको छ । तत्पश्चात नगरपालिकाले २०७८।६।२८ मा इन्जिनियरीङ अध्ययन संस्थान पुल्चोक क्याम्पसलाइ कोर कटर नमूना लिइ परीक्षण गरी दीन पत्राचार गरेको छ । पुल्चोक क्याम्पसको टोलीले कार्यालय र निर्माण व्यवसायीको प्रतिनिधी समेतको उपस्थितिमा २०७८।७।१५, १६ र १७ गते भवनको तेस्रो तल्लाको स्ल्याव २५ स्थानको कोर कटर नरी नमूना लागि परीक्षण गरी २०७८।८।६ मा रिपोर्ट दिएको छ ।प्राप्त रिपोर्टमा २५ Sample मध्ये ५ वटाको मात्र strength पुगेको र २० स्थानको M25 को strength नपुगेको उल्लेख छ । तत्पश्चात कार्यालयले निर्माण व्यवसायीलाइ त्रुटी सच्याउन २०७८।९।११ र २०७८।९।२९ मा पत्राचार गरेको देखिन्छ । निर्माण व्यवसायीले २०७८।१०।६ मा एक महिना भित्र cememt grouting पद्धतिवाट त्रुटी सच्याउने उल्लेख गरी निवेदन दिएको छ ।निर्माण व्यवसायीको निबेदन पश्चात कार्यालयले २०७८।१०।१७ मा स्ट्रक्चर इन्जिनियरको परामर्शमा work shedule,working methodology र Quality assurance plan सहित पेश गर्न पत्राचार गरेकोमा निर्माण व्यवसायीले कुनै प्रतिबद्धता पेश गरेको छैन ।लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा निर्माण कार्य रोकीएको अवस्थामा छ ।निर्माण व्यवसायीलाइ प्रचलित ऐन नियम र सम्झौता बमोजिम तोकिएको गुणस्तरीय काम तोकिएको समयमा गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>स्पेसिफिकेसन भन्दा बढि प्रयोग<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्दछ । सडक कालोपत्रे गर्ने कार्य सडक विभागको स्वीकृत नर्म्स अनुसार गर्नु पर्दछ । स्ट्याण्डर स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज २०७३ को दफा १३०२ मा कालोपत्रे गर्दा स्प्रे गर्नु पर्ने बिटुमिन को दर तोकीएको छ ।जस अनुसार प्राईम कोटगर्दा १ बर्ग मिटरको लागि अधिकतम १ लिटर र ट्याक कोट १ बर्ग मिटरको लागि अधिकतम ०.६ लीटर लाग्ने उल्लेख छ ।तर यस कार्यालयले सडक कालोपत्रे गर्ने कार्य गर्दा स्पेसिफिकेसनले तोकेको दर भन्दा बढि दर राखी लागत अनुमान तयार गरी सोही बमोजिम ठेक्का सम्झौता गरी देहाय बमोजिम निर्माण व्यवसायीर उपभोक्ता समितिलाइ भुक्तानी गरेको छ । स्पेसिफिकेसनले तोकेको दर भन्दा बढि दर राखी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं र मिति</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायीको नाम</th><th>स्पेसिफिक्सन अनुसार राख्नु पर्ने परिमाण</th><th>राखेको परिमाण</th><th>दर</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>१८।२०७८।४।</td><td>वडा नं ९ धर्मपुर सडक</td><td>मुन्ना कन्सट्रक्सन</td><td>८४२ लीटर</td><td>१०३६</td><td>१००</td><td>१९४००</td></tr>
</table></td><td>१,२२६,४४१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २१ | | | | लीटर | | | |
| | | | २१।२०७८।४।२१ | वडा नं ८ चन्द्रलालपुर देखि दक्षीण सडक | कृष्ण कन्सट्रक्सन | ८०४ लीटर | १३४० लीटर | ३१५ | १६८८४० | |
| | | | २३।२०७८।४।२१ | वडा नं ७ र ८ जोड्ने सडक | कृष्ण कन्सट्रक्सन | १००८ लीटर | १६८० लीटर | ३६० | २४१९२० | |
| | | | २५।२०७८।४।२१ | वडा नं ९ मा डिहवार थान देखि वडा कार्यालयसम्मको सडक | कृष्ण कन्सट्रक्सन | 1660 लीटर | ९९६ लीटर | ३६० | २३९०४० | |
| | | | २७।२०७८।४।२१ | वडा नं ६ थाना देखि उत्तर सडक | कृष्ण कन्सट्रक्सन | १९२० लीटर | ३२०१ लीटर | २२५ | २८८२२५ | |
| | | | १७९।२०७८।९।२९ | वडा नं ६ मा सडक कालोपत्रे | गुन्जा कन्स्ट्रक्सन | १२३७ लीटर | १४८५ लीटर | १२७ | ३१४९६ | |
| | | | २४४।२०७८।११।२६ | वडा नं ३ मा सामुदायिक भवन हुदै धोवियको घरसम्म सडक | उपभोक्ता समिति | ११९९ लीटर | १५४४ लीटर | १२७ | ४३८१५ | |
| | | | २५७।२०७८।१२।१ | वडा नं ६ फूलवारी हुदै जम्दह सडक | उपभोक्ता समिति | १६११ लीटर | १९३४ लीटर | १२७ | ४१०२१ | |
| | | | २९९।२०७८।१२।२८ | वडा नं ४ लगदीगढीयानी सडक निर्माण | कृष्ण कन्सट्रक्सन | ३६७९ लीटर | ४४१५ लीटर | ७२ | ५२९९२ | |
| | | | २८२।२०७८।१२।२१ | वडा नं ४ भूमिजा हस्पीटल देखि क्याम्पससम्मको सडक | | ३१३२ लीटर | ३७५८ लीटर | ८५ | ५३२१० | |
| | | | ४०७।२०७८।३। | वडा नं ४ सहिद पार्क हुदै आयुर्वेद अस्पताल | उपभोक्ता समिति | १८३१ लीटर | २१९७ | १२७ | ४६४८२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २५ | सम्म | | | लीटर | | | |
| | | | | जम्मा | | | | | १२२६४४१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **बिल भर्पाइ**<br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्च पुष्टि हुने कागजात संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक बर्षको अन्त्यमा देहायका बिधालयलाइ आई सि टि उपकरण खरिद बापत निकासा गरेको छ ।उक्त निकासावाट विधालयले उपकरण खरिद गरेको पुष्टि हुने कागजात तथा बिल भर्पाइ पेश गरेको छैन ।साथै कार्यालयवाट समेत निकासा रकमको सही सदुपयोग भए नभएको अनुगमन भएको छैन ।सामान खरिदको विल भर्पाइ सहित अनुगमनको प्रतिवेदन पेश हुनुपर्दछ । | |

| गो भौ नं र मिति | बिधालयको नाम | निकासा रकम |
|---|---|---|
| ६३।२०७९।३।१५ | जनता मा बि चन्द्रोदयपुर | ६५०००० |
| ६३।२०७९।३।१५ | जनता मा बि महानौर | ६५०००० |
| ६३।२०७९।३।१५ | श्रमिक आ बि गोलवजार | ६५०००० |
| | जम्मा | १९५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **लाभग्राही छनौट**<br>नगरपालिकाले देहायका भौचरवाट विभिन्न वाडामा खानेपानी कार्यक्रम अन्तर्गत ह्याण्डपम्प वोरिङ जडान र खरिदको रकम भुक्तानी गरिएको छ । खानेपानी तथा सिंचाइका ह्याण्डपम्प र वोरीङ पाउने उपभोक्ता समिति र लाभग्राहि जनताको छनौटको आधार स्पष्ट छैन ।स्पष्ट मापदण्ड वेगर लाभग्राही छनौट गर्दा नगरपालिकाले प्रदान गर्ने सेवामा सवैको समान पहुच पुगेको यकिन हुन सकीएन ।तसर्थ वितरणमुखी कार्यक्रम गर्दा स्पष्ट मापदण्ड तयार हुनु पर्दछ ।मापदण्ड वेगर कार्यक्रम वितरण भएका केहि उदाहरण निम्नानुसार छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गो भौ नं र मिति | बिवरण | संख्या | रकम | | |
| | | | | संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम | | | | | |
| | | | | ८१।२०७९।३।२३ | वडा नं ७ मा सिंचाइ वोरिङ जडान | १६ थान | १६३४४२० | | |
| | | | | ८२।२०७९।३।२३ | वडा नं ७ मा सिंचाइ वोरिङ जडान | १६ थान | १३२५७१३ | | |
| | | | | नगरपालिका पूजिगत | | | | | |
| | | | | ७१।२०७८।६।३१ | वडा नं ७ मा कृषि बोरिङ जडान | ७ थान | २७५६१८० | | |
| | | | | १७७।२०७८।९।२९ | खानेपानी सिंचाइ वोरिङ वडा नं ९ जडान | १४ थान | ४१७३६४० | | |
| | | | | २८८।२०७८।१२।२१ | वडा नं ६ मा खानेपानी वोरिङ जडान | १५ थान | १२९७१२१ | | |
| | | | | ३२७।२०७९।१।२५ | वडा न् ३ मा खानेपानी वोरिङ जडान | ३ थान | ५८०३८३ | | |
| | | | | ३३२।२०७९।१।५ | वडा नं ६ मा खानेपानी वोरिङ जडान | २३ थान | १४४२६२४ | | |
| | | | | ३३४।२०७९।१।२० | वडा नं २ मा खानेपानी वोरिङ जडान | | १४०९३७७ | | |
| | | | | ३३८।२०७९।१।२७ | साना किसानका लागि सिंचाइ वोरिङ जडान | १५ थाना | ४७४१४९ | | |
| | | | | ३५९।२०७९।२।२० | वडा न् ३ मा सिंचाइ वोरिङ जडान | ३ थान | ५८१३७८ | | |
| | | | | ३७४।२०७९।३।६ | वडा न् १ मा खानेपानी वोरिङ जडान | २ थान | ४८२४६९ | | |
| | | | | ३९३।२०७९।३।२५ | वडा नं ६ मा खानेपानी वोरिङ जडान | १४ थान | १२५०००० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४१ | | | **बढि दरमा भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नगरपालिका भित्रका सडकमा माटो ग्राभेल गर्ने कार्य उपभोक्ता समिति मार्फत गराउदा ग्रभेलमा कम्प्याक्सन सहितको दरवाट भुक्तानी गरेको तर उपभोक्ता समितिले पेश गरेको विल भर्पाइमा रोलर भाडामा लिएको नदेखिएको र स्रेस्ता साथ पेश भएको निर्माण कार्यको फोटोमा समेत ग्रेडर मात्र प्रयोग भएको देखिएको तर रोलर प्रयोग भएको नदेखिएकोले ग्राभेल कम्प्याक्सन गरेको थप प्रमाण भए पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु | २,५७३,९८१ |

| गो भौ नं र मिति | योजनाको नाम | ग्राभेलको परिमाण | प्रति घनमिटर रोलरको दर | रोलिङ बापतको भुक्तानी |
|---|---|---|---|---|
| ४८।४।२५ | वडा नं ६ मा नयां सडकमा माटो ताथा ग्राभेल | १६७४ घमी | ११३ | १८९१६२ |
| ४९।४।२५ | वडा नं ३ मा नयां सडकमा माटो तथा ग्राभेल | १७८६ घमी | ११३ | २०१८१८ |
| ५०।४।२५ | वडा नं २ मा नयां सडकमा माटो तथा ग्राभेल | ८०४ घमी | ११३ | ९०८५२ |
| ५१।४।२४ | वडा नं ३ मा क्षेत्रीय सडक देखि कर्मलालको जग्गासम्मको सडक | ११४६ घमी | ११३ | १२९४९८ |
| ९३।८।९ | वडा नं ३ मा जय गोविन्दको घर हुदै मैनावती खोलासम्मको सडक | १००७ घमी | ११३ | ११३७९१ |
| ९५।८।९ | वडा नं ३ लक्ष्मीरामको घर देखि मैनावती खोलासम्मको सडक | ९१७ घमी | ११३ | १०३६२१ |
| ११३।८।९ | वडा नं १ मा वलडाँडा देखि बैरीवाँधसम्मको सडक | ९५२ घमी | ११३ | १०७७५६ |
| ११४।८।१९ | वडा नं १ मा अन्धा हुदै गागन खोला सम्म माटो ग्राभेल | १०६५ घमी | ११३ | १२०३४५ |
| १६६।९।२२ | वडा नं ३ क्षेत्रीय सडक हुदै जरुवासम्मको सडक | २४८१ घमी | ११३ | २८०३५३ |
| १६७।९।२२ | वडा नं १ वैरीवाँध देखि वडा कार्यालयसम्मको सडक | १५८७ घमी | ११३ | १७९३३१ |
| १९१।१०।९ | वडा नं ३ मा जरुवा हुदै चारपानेसम्मको सढक | १७७८ घमी | ११३ | २००९१४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०५।१०।२० | वडा नं १ चारघरे हुदै भुल्केसम्मको सडक | १८१७ घमी | ११३ | २०५३२१ | |
| | | | २२५।११।४ | वडा नं ६ सैनिक चोक हुदै लालपुरसम्मको सडक | १३१३ घमी | ११३ | १४८३६९ | |
| | | | २३४।११।१२ | वडा नं ३ मा नयाँसडकमा माटो तथा ग्राभेल | २२१० घमी | ११३ | २४९७३० | |
| | | | ३०१।१२।२८ | वडा नं २ तेलीयानी हुदै गागन खोला सम्म सडक | १५१० घमी | ११३ | १७०६३० | |
| | | | ३०६।१२।२८ | वडा नं ११ मा माटो तथा ग्राभेल | ७३० | ११३ | ८२४९० | |
| | | | | जम्मा | | | २५७३९८१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **ननफाईलर**<br>मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयबाट देहायका निर्माण व्यवसायीलाई निम्नानुसार भुक्तानी गरेकोमा आन्तरिक राजश्व विभागको वेभसाइटमा निजको प्यान सर्च गरी हेर्दा निज ननफाइलर रहेको देखियो । निजहरुलाइ मू.अ.कर समेत भुक्तानी दिएकोले निजहरुलाइ भुक्तानी भएको ७० प्रतिशत मू अ कर रु १८४९७७.०० निजहरुले राजस्व खातामा दाखिला गरेको वा कर विवरण पेश गरेको प्रमाण पेश हुनुपर्ने रु | १८४,९७७ |

| भौ नं | निर्माण व्यवसायी | रकम | ७० प्रतिशत | अवधि |
|---|---|---|---|---|
| १५७।९।१९ | ज्योति कन्सट्रक्सन ३०१९७३०५४ | ७८२७१५ | ६३०३२ | २०७८ पुस देखि |
| १७०।९।२७ | ज्योति कन्सट्रक्सन ३०१९७३०५४ | ७८७९८७ | ६३४५७ | २०७८ पुस देखि |
| १७७।९।२९ | ज्योति कन्सट्रक्सन ३०१९७३०५४ | ७३८६९८ | ५८४८८ | २०७८ पुस देखि |
| | जम्मा | | १८४९७७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>गत बर्षको भुक्तानी<br>कार्यपालिकाको मिति २०७८।४।१४ को निर्णय नं १ मा २०७।७८ को भुक्तानी दिन बाँकी ८६ वटा योजना कार्यक्रमहरुको नाम नामेसी समावेश गरी भुक्तानी गरेको छ । निम्नानुसारको भुक्तानी गर्दा गत बर्षको भुक्तानीको विवरण तथा कार्यपालिकाको निर्णयमा समेत उल्लेख भएको पाइएन । गत बर्षको भुक्तानी बाँकी विवरणमा उल्लेख नगरी भुक्तानी भएको नियमसंगत देखिएन।
<table>
<tr><th>भौचर</th><th>भुक्तानी पाउने</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>८६-७।४</td><td>तुलाराम मोक्तान</td><td>घर धनीलाइ विजुली विल २०७७ बैशाख देखि अषाढ सम्मको भुक्तानी</td><td>२२५३५</td></tr>
<tr><td>२४२-९।२८</td><td>पदाधिकारी</td><td>२०७६ कार्तिक देखी २०७८ असार सम्मको ६७ जना पदाधिकारीहरुको छुट सुविधा निकासा</td><td>१२२५५०००</td></tr>
<tr><td>३३८-१२।१</td><td>एड सेन्टर</td><td>छपाइ वापत भुक्तानी</td><td>१४४५०४</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२४२२०३९</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४</td><td>१४१</td><td>२०७८-८-७</td><td>बिल भर्पाइ<br>विहान बेलुका अतिरिक्त समयमा सरसफाइमा खटिएको सुपरीवेक्षकलाई २ महिनाको खाजा वापतको रकम उपलब्ध गराउन सरसफाइ फोकल पर्शन सुनिल कुमार यादवलाइ २२५०० भुक्तानी भएकोमा सम्बन्धित सरसफाइकर्मीलाइ रकम बुझाएको तथा खाजा वापतको खर्चको विल भर्पाइ पेश नभएकोले असुल हुनुपर्ने रु.</td><td>२२,२७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>
विविध खर्च<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यस वर्ष विविध तर्फ रु ३३९७८९० खर्च गरेको छ । विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । यसकमा केही उदाहरण निम्नानुसार छनः
<table>
<tr><th>भौचर</th><th>भुक्तानी पाउने</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६१-६।२३</td><td>एलिसा फुड कोर्ट एण्ड फैमली लँज</td><td>श्रावण भदौ असोज महिनाको अतिथि सत्कार, विभिन्न कार्यक्रम र कोभिड अस्पतालको कर्मचारी तथा विरामि तथा वैठक लगायतको खाना खाजा</td><td>७,५६,२०१</td></tr>
<tr><td>२१८-९।२६</td><td>एलिसा फुड कोर्ट एण्ड फैमली लँज</td><td>असोज कार्तिक र मंसिर महिनाको अतिथि सत्कार बैठक तथा विभिन्न कार्यहरुमा खाना खाजा</td><td>६,९९,२८७</td></tr>
<tr><td>३८७-१२।२९</td><td>एलिसा फुड कोर्ट एण्ड फैमली लँज</td><td>माघ फाल्गुन चैत्र महिनाको विभिन्न मितिमा भएको विविध खर्च</td><td>४,०४,१२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
कल्याण कोष<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम अवकाश कोषको स्थापना गरी स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने र स्थानीय सेवामा कर्यरत कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने सुविधा उक्त कोषबाट उपलब्ध गराउनुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारी कल्याण कोषको स्थापना नगरेको कल्याण कोषको छुटै बैंक खाता नराखेको तथा ऐनमा रहेको व्यवस्था बमोजिम १० प्रतिशत कट्टा गरेको छैन । कार्यालयले नगरपालिका चालु तर्फ सेवा निवृतको संचित विदा, औषधि उपचार र उपदान खर्च शिर्षक बाट स्थानीय सेवाका कर्मचारी राम औतार कामतीको रु.६९२२४४ र राजकुमार सिंह राजपुतको रु. ६२८४४६ मृत्यु पश्चात नजिकको हकवालालाई रु.१३,२०,८०० उपदान उपलब्ध गराएको छ । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट सोझै भुक्तानी गरेको नियमसंगत देखिएन । कानुनी व्यवस्था गरेर मात्र यस्ता सुविधा भुक्तानी गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>खेलकुद प्रतियोगीता<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष निम्नानुसारको खेलुकद प्रतियोगीता संचालन गरी खेलकुद प्रशिक्षक कसम कुमार लामा लाइ २५ लाख भुक्तानी गरेको छ । खेलकुद कार्यक्रम संचालनमा खेलाडी संख्या, प्रशिक्षक, दर्शक उपस्थिति पेश नगरी विल भर्पाइ अनुसारको भुक्तानी सम्बन्धमा विश्वस्त हुने आधार रहेन । कार्यक्रम संचालन र खर्च पुष्टी हुने प्रमाण पेश हुनुपर्दछ।<br>
<table>
<tr><th>भौ नं मिति</th><th>खेलकुद</th><th>भुक्तानी</th><th>रकम</th></tr>
<tr><td>३४३-१२।५</td><td>मेयर गोल्ड कप</td><td>कसम कुमार लामा</td><td>१५०००००</td></tr>
<tr><td>७-६।२</td><td>नगर उपप्रमुख करांते प्रतियोगीता</td><td>कसम कुमार लामा</td><td>१००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>घर भाडा<br>कार्यालयले कार्यालय प्रयोजनका लागि भनि वडा नं ६ को प्रेम नायकको घर २०७८ माघ देघि मासिक रु १६५०० का दरले भाडामा लिई यो वर्ष रु ९९०००। भुक्तानी गरेको छ । उक्त भाडामा लिएको भवन कार्यालय प्रयोजनमा प्रयोग नभइ क्वाटरको रुपमा प्रयोग भएकाले क्वाटरको रुपमा लिएको भवनको कार्यालयले भाडा भुक्तानी दिन मिल्ने नदेखिएको रु.</td><td>९९,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>इन्धन पदाधिकारी<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ४ मा पदाधिकारीलाइ सवारी साधन उपलब्ध गराएकोमा त्यस्तो सवारी साधनलाइ अनुसुची बमोजिमको अध्यक्ष तथा उपाध्यक्षलाइ मासिक १२५ लि. र वडा अध्यक्ष लाइ मासिक ३० लि. इन्धन उपलब्ध गाराइने व्यवस्था छ । साथै सवारी साधन उपलब्ध नभएका पदाधिकारीलाइ अनुसुची बमोजिमको यातायात खर्च पाउने तर इन्धन खर्च नपाउने उल्लेख छ । यस नगरपालिकाले इन्धन पदाधिकारी शिर्षकमा १९,५०,००० बजेट विनियोजन गरी खर्च गरेको छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार अध्यक्ष र उपाध्यक्षलाइ एक गाडी र अन्य पदाधिकारीलाइ मासिक यातायात खर्च उपलब्ध गराएको छ । यसरी अध्यक्ष र उपाध्यक्षले प्रयोग गर्ने दुइ गाडी को अनुसुची बमोजिम अधिक्तम ३००० लिटरको प्रति लि. औषत रु.१६० को जम्मा रु.४८०००० को इन्धनको भुक्तानी गर्न सकिने देखिन्छ । तोकिएको इन्धन कोटा भन्दा रु.१४७०००० बढी खर्च गरेको नियमसँगत देखिदैन । इन्धन खर्च कानुनले तोकिएको सिमा भन्दा बढी भुक्तानी नभएको सम्बन्धमा कुनै अभिलेख राखेको छैन । गाँउपालिकाले कार्यालय प्रयोजनको लागी भएको इन्धन खर्च इन्धन पदाधिकारी शिर्षकबाट भुक्तानी गरेको जनाएको छ । इन्धन खर्च बढी भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१,४७०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **वितरण**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। निम्नानुसारको भुक्तानी गर्दा वितरण हस्तान्तरणको प्रमाण पेश नभएकोमा पेश हुनुपर्ने रु<br><br>भौचर \| भुक्तानी पाउने \| व्यहोरा \| रकम<br>१५२-८।७ \| सर्जिको इम्पेक्स \| ent set लगायतको उपकरण खरिद \| ४९९९५.७<br>३०३-११।५ \| अयान्सु सप्लायर्स \| किटनाशक झुल १२०० थान खरिद \| ४९५८८९ | ५४५,८८४ |
| ५१ | | | **विविध खर्च**<br>नगर प्रमुखलाइ अतिथि सत्कार वापत मासिक रु.१६५०० र उपप्रमुखलाइ रु.११५०० को दरले बर्षिक रु.३३६००० भुक्तानी गरेको छ। कार्यालयले विविध खर्च शिर्षक बाट पुन उक्त पदाधिकारीहरुको नाम उल्लेख भएको चिया खाजा लगायतको विविध खर्चको विल समावेश गरी जयसवाल स्वीट एण्ड चर्ट हाउसलाई भुक्तानी गरेको छ। उक्त पदाधिकारीहरुलाइ विविध खर्चको लागी अतिथि सत्कार शिर्षकबाट मासिक भुक्तानी गरेकोमा पुन विभिन्न होटलको विल समावेश गरी खर्च लेखेको नियमसंगत नदेखिएको रु.<br><br>भौचर \| विवरण \| रकम<br>१२४-८।६ \| श्रावण भदौ असोजको नगर उपप्रमुखको रु. ८४३५५, नगर प्रमुखको रु. १३२२८५ को अतिथि सत्कार खाजा खर्च विल \| २१६६४०<br>२७०-१०।२० \| कार्तिक, मंसिर पौषको नगर उपप्रमुखको ४३३६०, नगर प्रमुखको ११६८८५ को अतिथि सत्कार खाजा खर्च विल \| १६०२४५<br>४५४-२।२७ \| माघ, फाल्गुण, चैत्र र वैशाखक ो नगर उपप्रमुखको ८५०७०, नगर प्रमुखको १६१७९० को विल \| २४६८६०<br> \| जम्मा \| ६२३७४५ | ६२३,७४५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>भ्रमण खर्च<br>भ्रमण खर्च नियमावली २०६४ मा भ्रमण खर्च सम्बन्धी व्यवस्था गरेको छ। निम्नानुसारको कर्मचारीले भ्रमण खर्च भुक्तानी गरेकोमा सो अवधिमा हाजिरी रहेको पाइयो ।हाजिरी रहेको अवस्थामा भ्रमण खर्च भुक्तानी गर्न नमिल्ने हुँदा निम्नानुसारको कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>नाम</th><th>भ्रमण स्थल</th><th>मिति</th><th>रकम</th></tr>
<tr><td rowspan="7">२३५-२०७९/०३/२४</td><td>पप्पु ठाकुर</td><td>राजविराज</td><td>२०७८/०४/१५-१९</td><td>५७००</td></tr>
<tr><td rowspan="2">सुनिल कुमार यादव</td><td>जनकपुर</td><td>०६/१२-१८</td><td>८१००</td></tr>
<tr><td>राजविराज</td><td>११/०५-१०</td><td>६९००</td></tr>
<tr><td>दिनेश कुमार साहनी</td><td>राजविराज</td><td>०२/११-१८</td><td>११२००</td></tr>
<tr><td rowspan="2">उज्जवल वि क</td><td>काठमाडौँ</td><td>०८/१५-२१</td><td>९९००</td></tr>
<tr><td>भक्तपुर</td><td>१२/०६-१२</td><td>७५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४९३००</td></tr>
</table>
</td><td>५,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने छ तथा नियम ४ मा एक लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्दा मौजूदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ३ वटा फर्मसँग औषधिको मूल्य सूची सहितको सुचना प्रकाशन भएको पत्रिका सहितको दरभाउपत्र मागका आधारमा यो वर्ष भरी रु १७६९९७१ को औषधि खरिद गरेको छ । उक्त खरिद सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छनः<br>क. औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको तथा जिन्सी खाता अध्यावधिक नरहेकोले केकति औषधी हस्तान्तरण भएको तथा कति मौज्दात रहेको भन्ने एकिन गर्ने आधार रहेन ।<br>ख. आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>ग. खरिद भएको अधिकांश औषधिमा निशुल्क वितरणको लागी रहेको व्यहोरा उल्लेख नभएको । | |
| ५४ | २०३ | २०७९-३-२१ | **लहटी चुरा बनाउने सीप तालिम**<br>बहुआयमिक नमुना ग्राम अन्तर्गत विपन्न बस्तीलाई नमुना वस्तिको रुपमा विकास गर्नका लागि सशर्त अनुदानबाट मधेश प्रदेश अन्तर्गत गोलबजार न पा को ११ नं वडा का मुसहर, डोम समुदायका महिलालाई सीप विकास स्वरोजगार कार्यक्रम अन्तर्गत १५ दिने लहटी चुरा बनाउने सीप विकास तालिम म वि स नानुमैया खपाङ्गि मगरले रु ४ लाख पेश्की लिई सञ्चालन गरेको देखिन्छ। राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाई अन्तर्गत सञ्चालन पुस्तिका अनुसार लाभग्राही कम्तिमा ४० जना नघट्ने गरी हुनुपर्ने, ४० संख्या नपुगेमा स्थानीय तहका अन्य विपन्न, दलितलाई समेट्नु पर्ने र तालिममा सहभागीहरुको जिविको पार्जन सहयोग पुग्ने सनिश्चित हुनुपर्ने उल्लेख छ। २० जना मात्र लाभग्राही वडा अध्यक्षको सिफारिस बमोजिम तालिममा सहभागी भएको र निर्देशिका अनुसार ४० संख्या यकिन नगरी आधा मात्र लाभग्राही समेटेको, विपन्न दलित समुदायलाई समेटेको नदेखिएकोले कार्यविधिको उद्धेश्य अनुरुप कार्यक्रम संचालन भएको देखिएन । कार्यविधिले तोकेको प्रकृया पुरा हुने गरी कार्यक्रम संचालन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। नगरपालिकाले देहाय अनुसारका कृषि र पशु क्षेत्रमा अनुदान बापत रु २०९९००० खर्च लेखेको छ । तर अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुनेगरी अनुदान वितरण गर्नुपर्दछ। लाभग्राहीको जीवनस्तरमा सुधार आएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनु जरुरी छ। अनुदान वितरण सम्वन्धी केही उदाहरण निम्नानुसार छन । | |

| गो भौ च नं र मिति | विवरण | अनुदानको अनुपात | फर्म /संस्थान | रकम |
|---|---|---|---|---|
| १३९-२०७९/०१/२४ | तरकारी बाली बिउ बितरण | १०० प्रतिशत | जय जनरल स्टोर गोलबजार | २९९००० |
| २२८-२०७९/०३/२३ | कृषी सामाग्री औजार | ५० प्रतिशत | जय हरियालि कृषि सहकारी संस्था | ६००००० |
| २४१-२०७९/०३/२४ | आपको विउ तथा कृषि औजार | ५० प्रतिशत | कुम्भिखाडी साना किसान कृषि सहकारी संस्था | ७००००० |
| २४२-२०७९/०३/२४ | आपको बिउ तथा कृषि औजार | ५० प्रतिशत | पसिना कृषि सहकारी संस्था | ५००००० |
| | जम्मा | | | २०९९००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापन सुधार ल्याउने स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहेको छ। यस कार्याक्रम अन्तर्गत नगरपालिका भित्रका वडाहरुमा निमार्ण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी वर्षभरी १६६ जनालाई रोजगारी उपलब्ध गराई रु ५२४९२५८ खर्च गरेको छ। लक्षित वर्गलाई १० दिन देखि ११७ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्धकालीन रोजगारी सृजना भएको देखिदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>दोहोरो भत्ता<br>एउटै मितिमा दोहोरो बैठक वा गोष्ठीमा सहभागि भई भत्ता लिन नमिल्नेमा निम्न कर्मचारीहरुले एउटै मितिमा दोहोरो भत्ता लिएकाले असुल उपर हुपुपर्ने रु
<table>
<tr><th>भौ च नं</th><th>नाम</th><th>मिति</th><th>दिन</th><th>रकम</th></tr>
<tr><td>१३१-१०६, १३१-७३, २०२-१८५, १५७-१५८</td><td>सरोज कुमार कर्ण</td><td>११/१८,०९/२१, १०/२०, २/२७, ३/१६</td><td>५</td><td>१००००</td></tr>
<tr><td>१३१-१०६, १३१-७३,८३-६०</td><td>शत्रुघन साह</td><td>१०/०९,०९/२१, १०/२०</td><td>३</td><td>५९००</td></tr>
<tr><td>१३१-१०६, १३१-७३</td><td>पवन कुमार पंजियार</td><td>१०/२०, ०९/२१, १०/१९</td><td>३</td><td>५७००</td></tr>
<tr><td>१३१,१०६</td><td>सत्यभामाउपाध्याय</td><td>१०/०९</td><td>१</td><td>१९००</td></tr>
<tr><td>१३१</td><td>आनन्द पौड्याल</td><td>११/१८</td><td>१</td><td>१५००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२५०००</td></tr>
</table></td><td>२५,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>पाठयपुस्तक अनुदान<br>कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७८।७९ मा निःशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत ईमिसमा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी यकीन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७८ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । नगरपालिकाले उक्त व्यवस्था विपरीत अन्तिम चौमासिकमा IEMIS को विद्यार्थी संख्याको आधारमा हुने रकमको भौचर १४०-२।१७ बाट ७५ प्रतिशत रु. ४३२८२२७ र १७६-३।९ बाट थप रु. १४१५७७३ गरी रु.५७४४००० निकासा गरेको छ । दोस्रो चौमासीकमा ७५ प्रतिशत निकासा गर्नुपर्ने र विद्यालयबाट पाठयपुस्तक खरीद बापत पेश भएको विल भरपाईको तथा विद्यार्थि संख्या समेत यकिन गरी थप रकम निकासा गर्नुपर्नेमा सत्यापन नगरी IEMIS को आधारमा हुने रकमको अन्तिम चौमासिकमा निकासा गरेको नियमसंगत देखिदैन ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>शिक्षा तर्फ<br>यस नगरपालिका अन्तर्गत ३५ वटा सामुदायिक विद्यालयहरु सँचालनमा रहेकोमा लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.१</td><td></td><td></td><td>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन पारित गराइ सो बमोजिम निकासा गर्नुपर्नेमा सो नगरेको, शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको, विद्यालयगत दरबन्दी विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइरु.७०३४७१४७ तलब निकासा गरेको पाइयो । यसरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दी बमोजिमको निकासा भिडान गर्न सकिएन । तलवि प्रतिवेदन पारित गराइ विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने पद्धती अवलम्वन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५९.२</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा प्राविधिक धारमा कक्षा ९-१२ मा कार्यरत प्रशिक्षकको प्राविधिक भत्ता प्रति महिना ३ हजारको दरले अधिक्तम १० महिनाको मात्र निकासा गर्ने उल्लेख छ । जनता मा. वि. गोलबजारमा प्राविधिक धार तर्फ कार्यरत निम्नानुसार शिक्षकको चार त्रैमासिकमा मासिक रु.३०००.०० को दरले १२ महिनाको निकासा भएको छ । अधिकतम १० महिनाको निकासा हुनुपर्नेमा रु.२४००० बढी निकासा भएको छ। बढी निकासा भएको असुल हुनुपर्ने रु.
<table>
<tr><th>शिक्षक</th><th>रकम</th></tr>
<tr><td>पंकज यादव</td><td>६०००</td></tr>
<tr><td>रविन्द्र यादव</td><td>६०००</td></tr>
<tr><td>सूर्य नारायण शर्मा</td><td>६०००</td></tr>
<tr><td>अन्तराम यादव</td><td>६०००</td></tr>
</table></td><td>२४,०००</td></tr>
<tr><td>५९.३</td><td></td><td>२०७८-१०-१६</td><td>कार्यक्रम कार्यान्वयन पुस्तीका २०७८ मा शिक्षक दरबन्दि तथा शिक्षक अनुदान प्राप्त नगरेका सुदायिक विद्यालयहरुलाई १० लाख एक मुष्ठ अनुदान उपलब्ध गराउने उल्लेख छ । नगरपालिकाले दरबन्दि नरहेको विद्यालय दालित आधारभूत विद्यालय मुकसार, गोलबजार-१ लाई एकमुष्ट १० लाख निकासा गरेकोमा प्रथम चौमासिकमा काजमा खटिएको १ शिक्षकको रु.२१६९८२ निकासा गरेको पाइयो । प्रथम चौमासिक पश्चात उक्त शिक्षकको काज फिर्ता भएको कार्यालयले जनाएको छ । सो पश्चात निकासा भएको अनुदान रकममा प्रथम चौमासिकमा निकासा भएको रकम घटाइ पठाउनुपर्नेमा बढी निकासा भएको असुल हुनुपर्ने रु.</td><td>२१६,९८२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.४ | ६२ | २०७८-१०-१६ | कार्यक्रम कार्यान्वयन पुस्तीका २०७८ मा शिक्षक दरबन्दि र राहत अनुदान प्राप्त नगरेका विद्यायलहरुलाई एकमुष्ट अनुदान १० लाख उपलब्ध गराउने उल्लेख छ । सो बमोजिम श्री आ.वि. जरुवा जम्दह, श्री जनता आ वि गोलबजार ११ बलकवा र श्री दलित आ वि मुसारलाई १० लाखको दरले ३० लाख निकासा गरेको पाइयो । नगरपालिकाले उक्त विद्यालयलाई निकासा भएको रकम बमोजिमको शिक्षक नियुक्ती गरेको नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुदान निकासा बमोजिमको शिक्षक नियुक्ती, पारिश्रमीक भुक्तानी अनुगमन गरी यकिन हुनुपर्दछ । | |
| ५९.५ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३९(५) मा खर्चको विलभरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका विद्यालयहरुलाइ देहायका शिर्षकमा रकम निकासा गरेकोमा विद्यालयले ती शिर्षकमा रकम खर्च गरेको विल भरपाइ र कार्यालायवाट अनुगमन गरेको प्रतिवेदन पेश भएको छैन । अनुगमन प्रतिवेदन सहितको विल भरपाइ पेश हुनुपर्दछ। | |

| भौचर | विद्यालय | विवरण | रकम |
|---|---|---|---|
| १३८-१।२४ | ज.न.उ.मा.वि.गोलबजार | ल्याब व्यवस्थापन | २००००० |
| १४०-२।१७ | जनता मा वि प्रा. गोलबजार ४ | पुस्तकालय | ६५०००० |
| | जनता मा वि प्रा. गोलबजार ४ | **ICT** | ६५०००० |
| | जनता मा वि चन्द्रोदयपुर | विज्ञान प्रयोगशाला | ६५०००० |
| | जनता नमुना मा वि चन्द्रलालपुर ८ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान कार्यक्रम | ३००००० |
| | | जम्मा | २४५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.६ | १३८ | २०७९-१-२४ | कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ मा ईमिसमा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ईमिस मा प्रविष्टि भएको तथ्यांकको आधारमा रु.२६८६०००.०० छात्रवृति निकासा गरेको छ । ईमिसमा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्नेमा सो नगरेको नियमसंगत देखिदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.७</td><td></td><td></td><td>निम्नानुसारको विद्यालयमा छात्रवृति र पाठयपुस्तक वापत रकम निकासा भएकोमा निकासा भन्दा घटीको विल भर्पाइ तथा वितरणको प्रमाण पेश गरेकोले बढि निकासा गरेको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालय निकासा</th><th>निकासा</th><th>वितरण</th><th>बाँकी</th></tr>
<tr><td></td><td>छात्रवृति</td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>कवीर प्रा.वि. असनपुर ३</td><td>४२१००</td><td>४०५००</td><td>१६००</td></tr>
<tr><td>२</td><td>मा.वि. बलकावा ४</td><td>११९३००</td><td>१०९४००</td><td>९९००</td></tr>
<tr><td>३</td><td>ज.मा.वि. चन्द्रलालपुर ८</td><td>२०१३००</td><td>१३८८००</td><td>६२५००</td></tr>
<tr><td></td><td>पाठयपुस्तक</td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>मदरसा नुरुल इस्लाम बलकाबा बजार</td><td>६०१२८</td><td>४४८३१</td><td>१५२९७</td></tr>
<tr><td>५</td><td>ज।आ।वि।आसोपुर वलकवा</td><td>६७१९१</td><td>५८९१८</td><td>८२७३</td></tr>
<tr><td>६</td><td>आ। वि। हरिपुर</td><td>१०२१८९.४</td><td>९८१४५</td><td>४०४४</td></tr>
<tr><td>७</td><td>प्रा.वि. वलिराजपुर १, दुर्गापुर</td><td>१३१२४८.४</td><td>१२३५९५</td><td>७६५३</td></tr>
<tr><td>८</td><td>रा.सु.ज.प्रा.वि. संग्रामपुर १</td><td>६५५५७.१</td><td>५६३०३</td><td>९२५४</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>११८५२१</td></tr>
</table>
</td><td>११८,५२१</td></tr>
<tr><td>५९.८</td><td></td><td></td><td>नगरपालिकाको निम्नानुसारको विद्यालयलाइ दिवा खाजा, छात्रवृति र पाठयपुस्तक वापत निकासा गरेकोमा सो को विल भर्पाइ पेश गरेको छैन । उक्त कार्यक्रम संचालन सम्बन्धि विद्यालय व्यवस्थापन समितिको निर्णय खरिद तथा वितरणको विल भर्पाइ, नगरपालिकाको निकसा बमोजिमको विद्यार्थि संख्याको अनुगमन प्रतिवेदन सहित</td><td>११,५८८,११६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्चको प्रमाण कागजात पेश हुनुपर्ने रु. | |

| सि.नं. | विद्यालय छात्रवृति निकासा | दिवा खाजा निकासा | छात्रवृति निकासा | पाठयपुस्तक निकास | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्रमिक प्रा.वि. असनपुर ५, निपाने | २६२८९० | ५५७०० | ६१०५१.६ | ३७९६४२ |
| २ | आ.वि. आसोपुर बलकावा ९ | ३१२५७० | ६३७०० | ५९९३०.२ | ४३६२०० |
| ३ | ज.प्रा.वि. आसोपुर बलकावा १ | | २४१०० | | २४१०० |
| ४ | प्रा.वि. हरिपुर बेतौना ९ | | ६२१०० | | ६२१०० |
| ५ | प्रा.वि. जयनगरधोक्रे २ | | ८३३०० | १७४९६२.६ | २५८२६३ |
| ६ | प्रा.वि. कदिमाटोल ७ | ५४६४८० | ७३७०० | १०४१५३ | ७२४३३३ |
| ७ | ज.मा.वि. चन्द्रोदयपुर ९ | ६१०६५० | १३८५०० | ४१६६०५ | ११६५७५५ |
| ८ | ज.मा.वि. चन्द्रलालपुर ८ | ८२८००० | | ५२५५४७.५ | १३५३५४८ |
| ९ | प्रा.वि. धर्मपुर ६ | ४५९५४० | १२२९०० | १६८९४० | ७५१३८० |
| १० | अर्जुन प्रा.वि. डङ्गराहा ७ | | ५२९०० | १०७९३४.९ | १६०८३५ |
| ११ | प्रा.वि. वलिराजपुर १, दुर्गापुर | | १०८१०० | | १०८१०० |
| १२ | स.उ.मा.वि. तेतरीया जम्दह ४ | | १७०१०० | ४२४९८४.९ | ५९५०८५ |
| १३ | जनसमूह प्रा.वि. गुरुधाम ५ | १६३५३० | ८९०० | ३१८०३ | २०४२३३ |
| १४ | रा.सु.ज.प्रा.वि. संग्रामपुर १ | | ४४१०० | | ४४१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | १५ | नि.मा.वि. गुरुधाम ८ | ४७६१०० | ७२९०० | १८१२०४.६ | ७३०२०५ | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १६ | प्रा.वि. मुक्सार ७, चारघरे | ३४५६९० | ४९३०० | | ३९४९९० | | |
| | | | | १७ | दलित प्रा.वि. मुक्सार ५ | | ४२९०० | ४१७६९.६ | ८४६७० | | |
| | | | | १८ | अधारभूत विद्यालय, लगुर्वा वेतौना ५ | | ११७०० | ४९७७४४.८ | ५०९४४५ | | |
| | | | | १९ | राजदेवी आ.वि.निपनियाँ | | ८२१०० | १०५२७८.४ | १८७३७८ | | |
| | | | | २० | जनता आ.वि.भुल्के गो.न.पा.१ | १२४२०० | १३७०० | २५९७७.६६ | १६३८७८ | | |
| | | | | २१ | मदरसा अहले सुनत ताजदारे मदिना | १४०७६० | ११३०० | ३४५९८.४ | १८६६५८ | | |
| | | | | २२ | मदरसा जामेतुल बनात कन्या पाठशाला बलकावा बजार | | १५९८०० | २५४०१७ | ४१३८१७ | | |
| | | | | २३ | मदरसा रहमनिया अलसलफिया गोविन्दपुर | १६५६०० | ८९०० | ३४३७०.८ | २०८८७१ | | |
| | | | | २४ | जनता आ।वि। लंगुर्वा बेतौना १२ | १९०४४० | | | १९०४४० | | |
| | | | | २५ | सरस्वती मा।वि। तेतरिया जम्दह ३ | ४५५४०० | | | ४५५४०० | | |
| | | | | २६ | आ।वि। बलिराजपुर दुर्गापुर १३ | ६६८६१० | | | ६६८६१० | | |
| | | | | २७ | राजदेवी आ।वि। निपनिया ३ | ४९४७३० | | | ४९४७३० | | |
| | | | | २८ | केशव वालविकास केन्द्र दुर्गापुर | ४७६१० | | | ४७६१० | | |
| | | | | २९ | सयपत्री वालविकास केन्द्र चन्द्रलालपुर | ४१४०० | | | ४१४०० | | |
| | | | | ३० | सेवा वालविकास केन्द्र चन्द्रलालपुर | ५३८२० | | | ५३८२० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३१ | बिष्णु वालविकास केन्द्र असनपुर | ३७२६० | | | ३७२६० | |
| | | | | ३२ | सुर्यमुखि वालविकास केन्द्र चन्द्रोदयपुर | ३३१२० | | | ३३१२० | |
| | | | | ३३ | रामजानकी वालविकास केन्द्र असनपुर | ३९३३० | | | ३९३३० | |
| | | | | ३४ | प्रतिभा वालविकास केन्द्र असनपुर | ३९३३० | | | ३९३३० | |
| | | | | ३५ | हनुमान वालविकास केन्द्र चन्द्रोदयपुर | ७०३८० | | | ७०३८० | |
| | | | | ३६ | मदरसा जामेतुल बनात कँन्यापाठशाला | २६९१०० | | | २६९१०० | |
| | | | | | जम्मा | ६८७६५४० | १४६०७०० | ३२५०८७४ | ११५८८११६ | |
| ५९.९ | १४१ | २०७९-२-१७ | शिक्षक सिकाई सामाग्री तथा ल्याब असिस्टेन्ट इक्युपमेन्ट तथा प्रयाक्टीकल व्यवस्थापनका लागी प्रति विद्यार्थि लागत अनुदान कक्षा ९-१२ शिर्षकमा प्रति विद्यार्थि १५००० को दरले एकमुष्ट अनुदान उपलब्ध गराउने उल्लेख छ । कार्यालयले उक्त शिर्षक अन्तर्गत ज.न.उ.म वि गोलबजार ६ लाइ २१,९०,००० निकासा गरेकोमा विद्यार्थिको तथ्याङ्क तथा विवरण पेश नगरेकोले निकासा बमोजिमको संख्या यकिन हुन सकेन । निकासा बमोजिम सम्बन्धित शिर्षकमा भएको खर्च यकिन हुनुपर्दछ । | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.१०</td><td></td><td></td><td>अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय मा. वि. तह (९-१०) लाई न्युनतम २ र आधारभुत तह नि मा वि तह (६-८) लाई न्युनतम १ शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ । निम्नानुसारको विद्यालयमा कार्यविधि वमोजिम तलव भुक्तानीको लागि रकम निकासा गरेकोमा सो विद्यालय शिक्षक नियुक्ति गरेको प्रमाण पेश नभएको तथा कार्यलयले शिक्षक नियुक्त नगरेको भनी जनाएको छ । शिक्षक नियुक्त बेगर पारिश्रमिक वापतको निकासा भएको रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर।मिति</th><th>विद्यालय</th><th>शिक्षक</th><th>रकम</th></tr>
<tr><td>१६९-०७९।३।२६</td><td>सरस्वती मा.वि. तेतरीया जम्दह</td><td>१</td><td>४३१८८०</td></tr>
<tr><td></td><td>मा वि बलकावा ११</td><td>१</td><td>४३१८८०</td></tr>
<tr><td>१४०-२।१७</td><td>जनहित आ वि डोहटिया गो-६</td><td>१</td><td>३३८४००</td></tr>
<tr><td></td><td>जनता आ वि धर्मपुर गो-१०</td><td>२</td><td>६७६६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१८७८७६०</td></tr>
</table></td><td>१,८७८,७६०</td></tr>
<tr><td>५९.११</td><td>२२५</td><td>२०७९-३-२५</td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ मा प्रत्येक विद्यालयमा एक विद्यालय सहयोगीको लागि मासिक रु ८०००, बालबिकास सहजकर्तको रु ८०००, एक विद्यालय सहायक कर्मचारी को लागि रु. १३५०० को दरले निकासा गर्न सकिने र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमीक रु १५००० मा घटी हुने रकम सम्बन्धित स्थानीय तहले थप गर्न सक्ने उल्लेख छ । नगरपालिकाले ६४ वटा बालविकास सहजकर्ता, २७ का.स. र ५ विद्यालय कर्माचारीहरुको लागी चौमासिक रुपले पुस्तिकाले तोकेको दरमा निकासा गरेको छ। न्यूनत पारिश्रमीक रु १५००० मा घटी हुने रकम नगरपालिकाको आन्तरीक श्रोत बाट भुक्तानी गर्नुपर्नेमा सशर्च चालु शिर्षकबाट रु. ५६०९५०० भुक्तानी गरेको छ । सशर्त बाट थप रकम निकासा गर्न मिल्ने नदेखिएकोले खर्च रकम नियमित नभएको रु.</td><td>५,६०९,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.१२ | १४० | २०७९-२-१७ | कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ मा नियमित रुपमा संचालनमा रहेका सामुदायिक सिकाइ केन्द्रकोलागी २ लाख सम्म अनुदान निकासा गर्न सकिने उल्लेख छ। सो मध्ये व्यवस्थापन समितिको निर्णय अनुसार परिचालकको प्रमाणीत हाजिर अभिलेख हेरी पारिश्रमीक १ लाख निकासा गर्ने र पारिश्रमीक भुक्तानी पश्चात प्रस्तावनाका आधारमा थप बजेट उपलब्ध गराउने उल्लेख छ। उक्त कार्यक्रम अन्तर्गत शंकर सामुदायिक सिकाइ केन्द्र र सिर्जनशिल सामुदायिक सिकाइ केन्द्रलाइ २ लाखको दरले ४ लाख निकासा गरेको छ। उक्त सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णय, परिचालिकाको नियुक्ती, हाजिर, पारिश्रमीक खर्चको विवरण, प्रस्तावन, सामुदायिक सिकाइ केन्द्र नियमित रुपमा संचालन भएको अनुगमन प्रतिवेदन लगायतका प्रमाण कागजात संलग्न नगरेकोले उक्त कागजात पेश हुनुपर्ने रु. | ४००,००० |
| ६० | | | **दिवा खाजा कार्यक्रम**<br>तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुका लागि प्रति विद्यार्थी रु.१५.०० का दरले १८० दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिने तथा विद्यालय संचालन भएको दिनलाइ मात्र आधार मानेर अनुदान दिने व्यवस्था छ। साथै स्थानिय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराइ स्थानीय तहमा सँकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिन सकिने व्यवस्था छ। नगरपालिकाले दिवा खाजा संचालनमा गरेको निकासा सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः | |
| ६०.१ | | | नगरपालिकाले IEMIS मा भएको विद्यार्थी संख्यालाइ आधार लिइ सत्यापन तथा विद्यालय अनुगमन बेगर भौचर ३४-८।२६ बाट ६३८१००० र १४०-२।१७ बाट थप रु.८२९५३०० गरी १३८ दिनको रु.१४६७६३०० निकासा गरेको छ। दिवा खाजा वापतको रकम निकासा गर्दा हेड काउन्ट तथा अनुगमन प्रतिवेदनको आधारमा निकासा गर्नुपर्नेमा सो नगरी IEMIS को तथ्याङ्कन अनुसार निकासा गरेको पाइयो। कार्यालयले दिवा खाजाको संचालनको नियमित अनुगमन गरेको पाइएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.२ | | | निम्नानसारको विद्यालयमा दिवा खाजा निकासा गरेको रकम भन्दा घटी खर्च भएको भर्पाइ तथा विवरण पेश गरेकोले विल भर्पाइ भन्दा बढी निकासा भएको रकम असुल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु. | १,८०९,१९४ |

| सि°नं° | विद्यालयको नाम | विद्यार्थि संख्या | निकासा दिन | निकास रकम | खर्च रकम | बढी निकासा |
|---|---|---|---|---|---|---|
| १ | जनता मा।वि। प्राविधिक गोलबजार ४ | ३८१ | १३८ | ७८८६७० | ३४८६९० | ४३९९८० |
| २ | मा।वि। बलकावा ११ | २६५ | १३८ | ५४८५५० | २४३४८० | ३०५०७० |
| ३ | आ।वि। आशोपुर बलकावा ११ | १२८ | १३८ | २६४९६० | २२२८४० | ४२१२० |
| ४ | आ।वि। जयनगर धोक्रे १२ | ४३० | १३८ | ८९०१०० | ६९०२२५ | १९९८७५ |
| ५ | जनता मा।वि। बेतौना १२ | ३८२ | १३८ | ७९०७४० | ३५२६९५ | ४३८०४५ |
| ६ | जनता आ।वि। चन्द्रलालपुर ८ | २३५ | १३८ | ४८६४५० | ४३४००० | ५२४५० |
| ७ | जनता आ।वि। गोविन्दपुर ९ | २०६ | १३८ | ४२६४२० | २८२३३५ | १४४०८५ |
| ८ | रामसुन्दर जनता आ।वि। संग्रामपुर २ | १६८ | १३८ | ३४७७६० | १८७७५५ | १६०००५ |
| ९ | दलित आ।वि। मुक्सार १ | १०५ | १३८ | २१७३५० | १९३१३१ | २४२१९ |
| १० | मदरसा नुरुल इस्लाम बलकावा बजार | ८५ | १३८ | १७५९५० | १७२६०५ | ३३४५ |
| | | | | | जम्मा | १८०९१९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **सामाजिक सुरक्षा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१.१ | | | **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि १३ सम्मको लागी विभिन्न ८ वैंकहरुमार्फत भत्ता वितरण गर्न रु.१९४३१२१३४.९ निकासा भएको छ ।कार्यालयले बैँकलाइ निकासा गरेको आधरमा उक्त रकम खर्च लेखेको छ ।बैकले उक्त रकमवाट कुन कुन लाभग्राहीको खातामा कति कति निकासा भएको छ सो को बिबरण उपलव्ध गराएको छैन । साथै कार्यालयले समेत लाभग्राहीको खातामा रकम पठाएको विवरण माग गरेको छैन ।लेखापरीक्षणको क्रममा बैँकसंग रकम वितरण गर्नबाँकीको विवरण माग गरिएकोमा २०७८।७९ को प्राप्त रकम मध्ये २०७९।६।७ सम्ममा महालक्ष्मी बैंक बाहेक अरु समाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुवाट रु.१५७६३३१.०० फिर्ता लिइ संघीय संचित कोष दाखिला गराईयो । उक्त बैंकहरुले रिभर्स फिड सहित हिसाब मिलानको विवरण पेश गरेको छैन । नगरपालिकाले निकासा बमोजिमको लाभग्राहीलाइ वितरण भएको भत्ता रकम सम्बन्धमा प्रत्येक बैंक संग रिभर्स फिडको विवरण लिइ यकिन गर्नुपर्दछ । | |
| ६१.२ | | | **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिन भित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७८।७९ मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन । | |
| ६१.३ | | | **अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम नगरपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यात्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । | |
| ६१.४ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष नगरपालिकाले सो बमोजिम कार्य गरेको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td>५</td><td>२०७८-९-२०</td><td>प्रकोप व्यवस्थापन<br>कोभिड-१९ व्यवस्थापन कार्यका लागि गत आ.ब.को पहिलो र दोस्रो चरणको कोभिड-१९ लहरमा खटिएका स्वास्थ्यकर्मीहरुको जोखिम भत्ता वापत रु ११७८३७९ भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>बेरुजु तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । नगरपालिकाले लेखापरीक्षणको समपरीक्षको लागी पेश गरेको छैन । नगरपालिकाबाट गत विगत वर्षको बेरुजू फछ्र्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।<br>रु. हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>२९७१३६</td><td>०</td><td>७७७०९</td><td>०</td><td>३७४८४५</td></tr>
</table></td><td></td></tr>
</table>